वर्ष : १९, अंक : २६, काठमाडौं, २०८० असोज २६ गते शुक्रबार, 13 October, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# मधेश प्रदेशमा मन्त्रालय फुटाइयो, गठबन्धन दलहरु असन्तुष्ट

जनकपुरधाम । मधेश प्रदेश सरकारले मन्त्रालय फुटाएर मन्त्रिपरिषद् विस्तार गरेको छ । ६ दलीय गठबन्धन सरकारको नेतृत्व गरिरहेको जसपा नेपालले एकलौटी गरिरहेको अन्य घटक दलहरुले आरोप लगाएका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले चोर बाटोबाट मन्त्रालय फुटाएको भन्दै गठबन्धन भित्र असन्तुष्टि चुलिएको छ । मन्त्रालय फुटाएको विषयमा जसपाबाहेक गठबन्धनका पाँच दलका नेताहरु छुट्टै निरन्तर छलफलमा छन् ।






मधेश भवनमा गठबन्धनका पाँच दलका नेताहरुको बैठकले मुख्यमन्त्री यादवले सल्लाह नै नगरी मन्त्रालय फुटाएको विषयमा जवाफ माग्ने निर्णय गरेको छ । नेपाली कांग्रेस संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण यादवले गठबन्धन र क्याबिनेटमा विना छलफल समन्वय नगरी मन्त्रालय फोड्ने विषयमा मुख्यमन्त्रीसंग जवाफ माग्ने निर्णय भएको बताए । 'गठबन्धनको बैठकमा मन्त्रालय कसरी फुट्यो भन्ने विषयमा मुख्यमन्त्रीजीसँग जवाफ माग गर्ने निर्णय भएको छ,' कार्यवाहक मुख्यमन्त्री समेत रहेका यादवले भने ।

लोकतान्त्रिक समाजवादी पार्टी लोसपा संसदीय दलका नेता अभिराम शर्माका अनुसार बैठकमा पुरानो योजनाको भुक्तानी, सरकारको कामकारबाहीमा मुख्यमन्त्रीको समन्वयको अभाव लगायतका विषयमा समेत छलफल भएको थियो । केही दिनअघि जनमत संसदीय दलका नेता मन्त्री रहेको शिक्षा तथा समाज कल्याण मन्त्रालय सरकारले फोडेर खेलकुद तथा समाज कल्याण मन्त्रालय र शिक्षा तथा संस्कृति मन्त्रालय बनाइएको थियो । चार महिनादेखि विना विभागीय मन्त्री रहेकी जसपाकी सुरिता साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालय र जनमतका नेता महेश प्रसाद यादवलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी तोकी कार्यविभाजन गरिएको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट कार्यविभाजनसहित सरकार पुनर्गठनको पत्र प्रदेश प्रमुख कार्यालयमा पठाएर मुख्यमन्त्री आफ्नो निजी कामले भारत गएका छन् । १९ असोजमा मन्त्रिपरिषद् पुनर्गठन गरेको विज्ञप्ति प्रदेश प्रमुखको कार्यालयले जारी गरेको थियो । त्यसअनुसार साहले सोमबार मन्त्रालय सम्हालेकी छन् ।

तर आफ्नो मन्त्रालय फुटाइदिएको भन्दै शिक्षा तथा संस्कृति मन्त्रालय सम्हाल्ने पक्षमा जनमतका महेश प्रसाद यादव छैनन् । 'मन्त्रालय विना छलफलमा फोडिएको छ । यसअघि १० वटाभन्दा बढी मन्त्रालय नबढाउने लिखित सहमति गठबन्धनमा भएको थियो । मुख्यमन्त्रीजीसँग यो विषयमा छलफल भएपछि मात्र मन्त्रालय स्वीकार्ने वा नस्वीकार्ने निर्णय लिन्छौं', मन्त्री यादवले भने ।

सोमबारको बैठकमा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्ण यादव, नेकपा माओवादी केन्द्रका प्रदेश संसदीय दलका उपनेता युवराज भट्टराई, नेकपा एकीकृत समाजवादीका प्रदेश संसदीय दलका प्रमुख सचेतक कनिस पटेल, लोसपा प्रदेश संसदीय दलका नेता अभिराम शर्मा

बाँकी अन्तिम पृष्ठमा

## इजरायलमा मृत्यु भएकाहरूप्रति दु:ख व्यक्त



काठमाडौं । इजरायलमा उग्रवादी संगठन हमासको आक्रमणमा परी मृत्यु भएका १० जना नेपालीहरुप्रति मधेश प्रदेशका निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले दु:ख व्यक्त गरेका छन् । डा.अहिराजले दु:ख व्यक्त गर्दै आफूलाई स्तब्ध र मर्माहत तुल्याएको बताएका छन् । साथै, हमास आक्रमणमा परी घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेका छन् । उनले इजरायलमा अलपत्र रहेका नेपालीहरुको शीघ्र उद्धार गरी नेपाल फिर्ता ल्याउन नेपाल सरकारसँग माग पनि गरेका छन् । निर्दोषमाथि हमासले गरेको आक्रमणको उनले निन्दासमेत गरेका छन् ।

## आनन्द साहको परिवारलाई मधेश सरकारले सहयोग गर्ने

जनकपुरधाम, २४ असोज । इजरायलमा आतंककारी सङ्गठन हमासको आक्रमणमा परी ज्यान गुमाएका धनुषाको लक्ष्मीनिया गाउँपालिका-४ सपहीका २२ वर्षीय आनन्द साहको परिवारलाई मधेश प्रदेश सरकारले रु पाँच लाख राहतस्वरुप दिने निर्णय गरेको छ ।

मुख्यमन्त्री सरोजकुमार यादवले एक शोक वक्तव्यमार्फत मृतक परिवारमा समवेदना व्यक्त गर्दै पीडित साह परिवारलाई प्रदेश सरकारको तर्फबाट सो राहत प्रदान गरिने जानकारी दिएका छन् ।

मुख्यमन्त्री यादवले आक्रमणमा परी ज्यान गुमाउन पुगेका १० नेपाली युवाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै युद्धमा सामेल नभएका निहत्था र निर्दोष व्यक्तिमाथि आक्रमण हुनु हमासको संवेदनहीन र अमानवीय कृत्यको संज्ञा दिएका छन् ।

विज्ञप्तिमा भनिएको छ "त्यस आक्रमणले १० परिवारको सपना भताभुङ्ग भएको छ । त्यो घटनाले हामी नेपाली शोकमग्न छौं । असमयमा अनाहक ज्यान गुमाउने युवाहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै शोकसन्तप्त परिवारलाई यो महाविपत्तिको असह्य पीडा र वेदना सहन गर्ने शक्ति मिलोस् भनी प्रार्थना गर्दछु ।"

## इजरायलमा मृत्यु भएका आनन्दको शोकमा सपही

धनुषा । इजरायलमा विद्रोही समूह हमासको आक्रमणबाट धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-४, सपहीका २२ वर्षीय आनन्द साहको मृत्यस भएपछि गाउँ नै शोकमा डुबेको छ । आनन्दका पिता सोमन साह र आमा शुभकली साह मुर्छा पर्दै आएका छन् । ७० वर्षीया हजुरआमा बसमतिया देवी, जेठी बहिनी सुनिता, माहिली बहिनी सरस्वती र कान्छी बहिनी आरती साह पनि पीडाले अचेत हुनेगरेका छन् ।

गाउँलेहरूले सम्झाउँदै चित्त बुझाउने प्रयास गरेपछि होसमा आउने परिवारका सदस्यमा रुवाबासी रोकिएको छैन । गाउँका सबैजसोको आँखा रसाएको छ । आनन्दको घटना सुनेर सिङ्गो गाउँ नै शोकमा छ ।

इजरायलमा शनिवार भएको आतङ्कारी हमलामा परी १० जना नेपाली नागरिकको मृत्यु भएको छ । त्यसमा आनन्द समेत पर्नुभयो । उहाँ गत भदौ २६ गते कृषिसम्बन्धी तालिम लिन इजरायल जानुभएको थियो ।

जनकपुरको एन्जल्स बोर्डिङ स्कुलबाट एसइई र मिट क्याम्पसबाट आइएससी उत्तीर्ण गर्नुभएका आनन्द सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत टीकापुर मल्टिपल क्याम्पस कैलालीमा एग्रिकल्चर बीएससीएजीमा अध्ययनरत हुनुहुन्थ्यो । उहाँलाई सोही क्याम्पसले अभ्यासका लागि इजरायल पठाउनुभएको थियो ।

मृतक आनन्द सोमन साह र आमा शुभकली साहको

बाँकी अन्तिम पृष्ठमा




## समाजवादको विकल्प छैन : श्रेष्ठ

काठमाडौं । जनता समाजवादी पार्टी, नेपालका उपाध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठले समुन्नत नेपाल र सुनिश्चित भविष्यका लागि मजदूरहरूले समाजवादको बाटो लिनुपर्ने बताएका छन् । उनले उक्त कुरा पुस्पलालपथ ढल्कोमा भएको जसपा मजदूर विशेष जिल्ला समितिको पुनर्गठन कार्यक्रममा बताएका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले नेपालको सन्दर्भमा ट्रेड युनियन अधिकार र मजदूहरूले आफ्नो पेसागत हक हित र अधिकारका लागि अप्नाउनुपर्ने बाटो र पार्टीभित्र मजदूरहरूको अधिकार र दायित्वको बारे प्रष्ट पार्दै पहिचान र अधिकार प्राप्तिका लागि सङ्घीयता र गरिवी र विपन्नताबाट मुक्ति र समतामूलक समृद्धिका लागि समाजवाद आवश्यक भएकाले पार्टीले आफ्नो मार्गदर्शक सिद्धान्त सङ्घीय समाजवादको रूपमा अगाडी सारेको बताए ।

कावा अध्यक्ष श्रेष्ठले नेपालको राजनीतिमा राप्रपा जस्ता पुनर्उत्थानवादी र रास्वपा जस्ता नवसम्बर्द्धनवादीहरूको भ्रमबाट मुक्त हुनुपर्ने बताउँदै विगतमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि आन्दोलन भइरहँदा यिनीहरू या त दमनकारी या त रमिते भएको बताए ।

प्रसव वेदना बच्चा जन्माउने आमाहरूलाई नै थाहा हुने भन्दै उनले यो व्यवस्था ल्याउन आफूहरूले जेलनेल भोगेको र रास्वपा जस्ता पार्टीहरू लोकतन्त्रकै कारण अहिले मञ्चमा आएर डान्स गर्न पाएको बताउँदै नयाँका भ्रममा नपरी बैचारिक र राजनीतिक रूपमा प्रष्ट र जनताका लागि समाजवादको वकालत गने पार्टीको वरीपरी गोलबन्द हुन मजदूरहरूलाई आह्वान गरे ।

कार्यक्रममा विशिष्ट अतिथि बौद्धिक पेसाकर्मी तथा ट्रेड यूनियन विभाग प्रमुख रणध्वज कन्डङ्वाले पार्टी स्तिार र सुदृढीकरण गनुपर्ने तथा मजदूर क्षेत्रमा पार्टीको सङ्गठित सदस्यता विस्तार गर्नुपर्ने बताए । कार्यक्रममा बागमती प्रदेश सहइन्चार्ज लालबहादुर तामाङ, समाजवादी ट्रेड युनियनका अध्यक्ष अर्जुन लम्साल, नेवा: राष्ट्रिय समितिको अध्यक्ष श्यामकृष्ण प्रजापति, काठमाडौं जिल्ला अध्यक्ष अजित पुतवार लगाउतले पनि शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा पाार्टीको सङ्गठन विभाग प्रमुख समेत रहेका कार्यबाहक अध्यक्ष श्रेष्ठले गोविन्द तामाङको अध्यक्षतामा ११ सदस्यीय पुनर्गठित समिति घोषणा गरेका थिए । समितिको उपाध्यक्षमा तिलक थापा मगर, सचिवमा सुमिना गुरुङ र कोषाध्यक्ष माया मोक्तान चयन भएका छन् । विगतमा पार्टीको गैरभौगोलिक विशेष प्रदेशमातहत रहेको मजदुर विशेष जिल्ला समिति विधान अधिवेशनपछि पार्टीको नेवा: राष्ट्रिय समितिमातहत रहने गरी काठमाडौं उपत्यकामा कार्यरत मजदुरहरूलाई सङ्गठित गर्ने व्यवस्था गरेको हो ।

## एमाले मधेश अधिवेशन : प्रतिनिधि छनोट अवैधानिक भएको आरोप




जनकपुरधाम । नेकपा एमालेको पहिलो मधेश प्रदेश अधिवेशन चलिरहेको छ । मधेशमा एमालेको अध्यक्षका विभिन्न आकांक्षीहरु देखिएका छन् । यसैबीच प्रतिनिधि छनोट अवैधानिक तरिकाले भएको आरोप लगाइएको छ। एमालेको मधेश प्रदेश समितिका सदस्य नागेश्वर साहले सर्लाहीको विभिन्न पालिकाबाट विधान मिचेर प्रतिनिधि छनोट गरिएको आरोप लगाएका हुन्। सर्लाहीको ब्रह्मपुरी, कौडेना र पर्सा गाउँपालिकाबाट प्रतिनिधि छनोट गर्दा विधान मिचिएको उनले बताए। साहका अनुसार एमालेको सर्लाही इन्चार्ज एवं पूर्वमन्त्री ज्वाला साह र अध्यक्ष राजनारायण साहले मिलेर प्रतिनिधि छनोटमा धाँधली गरेका हुन्।

एमालेको मधेश अधिवेशनका लागि प्रतिनिधि छनोट गरेर प्रदेशमा पठाउनुपर्ने मिति असोज १३ गतेसम्म थियो। साहले भने, 'तर इन्चार्ज र जिल्ला अध्यक्ष मिलेर बैठक छलेर विधानविपरीत प्रतिनिधिको नाम पठाएका थिए।'

सर्लाहीको ब्रह्मपुरी गाउँपालिकाबाट मलंगवाका पूर्वप्रमुख निरसल साह, कौडेना गाउँपालिकाबाट मलंगवाकै सुरेश साह र पर्सा गाउँपालिकाबाट भिखारी साहको नाम प्रतिनिधि

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय



# कृषि र किसानको अवस्था कहिले सुध्रिने ?

अहिले तेस्रो विश्वयुद्ध सुरुवात भएको झल्को इजरायल-हमासबीचको तनावले दर्साउँदैछ । केही दिन अगाडि रुस-युक्रेनको युद्धको अवस्था थियो । यी युद्धहरुले गर्दा विश्व नै अहिले आर्थिक संकटमा गइरहेको देखिन्छ । यसमा त झन् नेपाल जस्तो गरीब मुलुक प्रभावित नहुने कुरै भएन । नेपालमा विभिन्न प्राकृतिक स्रोतहरु पर्याप्त मात्रामा छन् तर त्यसलाई सदुपयोग गर्न नसक्दा दिनप्रति नेपालमा आर्थिक संकट गहिरिँदै गएको छ । नेपालको मुख्य आर्थिक स्रोत भनेको कृषि हो र यसमा अपार सम्भावना छ । विभिन्न राजनीतिक दल र सरकारको नीति र कार्यशैलीमा एकरुपता नहुँदा आर्थिक संकट बढ्दै गएको छ । आफ्नो युवाशक्तिलाई विदेश पलायन हुन बाध्य पारिँदैछ । तराई/मधेशमा किसानी (कृषि) र किसानको अवस्था दयनीय छ । तर, मैदानी भूगोलमा कृषि नै यहाँका जनता र सरकारका मुख्य सामर्थ्य रहेको छ । स्थानीय सामर्थ्यको सहि पहिचान र त्यसको अधिकतम् सदुपयोग नै उक्त ठाउँको समृद्धिको असली साचो हो । चर्को ब्याज दरमा ऋृण लिई खेती/किसानी गर्दागर्दै बाली भित्र्याउने बेलासम्म उब्जिएको बालीको ७५% साहुलाई भुक्तान गर्नुपर्ने बाध्यता रहेको छ । मलखाद्य सहुलियत दरमा सरल रुपले उपलब्ध गराउन सरकार असमर्थ छ । उक्त मलखाद्यका लागि यहाँका किसान सीमा पारीबाट एक दुई बोरा भित्र्याउँदा पनि भारतीय सीमा सशस्त्र बल र नेपाल प्रहरी एवं सशस्त्र प्रहरीको लाठी खानु पर्ने वा दुर्व्यवहार सहनु पर्ने बाध्यता छ । आखिर घरपरिवार र बालबच्चाको पेटको सवाल छ । सिंचाइको व्यवस्था राम भरोसे रहेको छ । अर्थात समयमा वर्षात भयो भने बाली राम्रो फस्टाउने यदि बर्षात् समय अनुकुल भएन भने साहुको ऋृण अर्को सालसम्म दोब्बर हुने निश्चिति छ । घर परिवारलाई दुईछाक टार्ने धौधौ पर्ने अवस्था सिर्जना हुन्छ । सिंचाइका लागि सरकारी नहरको परियोजना वा सुबिधा नगन्य मात्रामा छ । विद्युतीय सिंचाइ प्रणालीका लागि सरकार वा अन्य निकाय काम गर्न सकेको छैन । सिंचाइका अन्य वैकल्पिक माध्यमको बिकासमा सम्बन्धित निकायको नीति कार्यक्रम मौन छ । बीऊबिजनको गुणस्तरीयताको ग्यारेन्टी छैन । गाउँतिर खेतीपातीमा प्राविधिकको रुपमा जेटिए वा अन्य जनशक्ति खटाएको कुरा किसानहरु कहिलेकाहीं सन्चार माध्यमबाट मात्र थाह पाउँछ तर प्रत्यक्ष भेट्नलाई देवता भेटे हुन्छ । कृषि बिकास बैंक छ तर त्यसलाई खाली पुरानो ग्राहकसँग प्रेम छ र त्यो पनि केही प्रतिशत नजराना नचाढाइ ऋृण पाउँदैन । तर बिडम्बना यो छ कि त्यहीं खेतीयोग्य जग्गालाई किसानीको अस्तित्व समाप्त पार्ने गरि प्लटिङ गरि बेचबिखन गर्नेलाई वित्तीय संस्थाहरु ऋृण उपलब्ध गराउन उद्दत हुन्छन् । सरकार वा विभिन्न संस्थाहरुबाट प्राप्त हुने तालिम वा अन्य सब्सिडिका कुराहरु केहि फेक र रेडिमेड किसान-माफियाले त्यसको बजेट झ्वाम पारी असली लक्षित वर्गलाई सो लाभबाट बन्चित बनाउँछ । बीउ, बिजन, मलखाद्य एवं सिंचाइको अभावमा धेरै खेतीयोग्य जग्गा बाँझै हुनु पर्ने पनि कहाली लाग्दो अवस्था छ । खेतिपाती फस्टाउन जति लागत लाग्ने गर्दछ त्यो अनुसारको मुल्य एवं बाजारको उपलब्धता नहुनुले किसानहरु दिनप्रति दिन गरिब हुँदै गइरहेको अवस्था छ । किसानीका लागि सिंचाइ, बीउ बिजन, मलखाद्य, उचित तालिम, प्राविधिक सहयोग, सहुलियत ऋृण, उचित बजार ब्यवस्थापन, उत्कृष्ट किसानलाई प्रोत्साहन, आधुनिक एवं व्यावसायिक खेतीलाई प्राथमिकतामा राखी नीति बनाइ कार्वान्यिन पक्ष दुरुस्त भयो भने तराई/मधेश आफैंमा अन्य भूगोलभन्दा समृद्ध एवं आत्मनिर्भर हुन सक्छ । यसरी कृषि क्षेत्रको विकासका आवरणमा लाखौं युवा रोजगार प्राप्त गर्छन् र यसले ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आयमा सकारात्मक असर पर्छ । किसानले उब्जाएका अन्न बालीका लागि बजार र मूल्यका लागि सरकारले ठोस पहल गर्नुपर्ने देखिन्छ ।

# सुधारको नाममा बिगारिएको प्रणाली

**विचार-विश्लेषण** भाग-१९८



**उपेन्द्र झा**

देशको उन्नती, प्रगति जस्ता आदर्श शब्द कुनै पनि राजनीतिक दल आफ्नो घोषणा पत्रमा लेख्न छुटाउँदैन । सार्वजनिक सभास्थलमा पनि देशको समृद्धि आफ्नो पार्टीको मुख्य एजेण्डा हो भनेर भाषण ठोक्न पछि पर्दैन । खासगरि प्रतिपक्षमा रहेको बेला देशको सुधारका कुरा बढि चर्चामा आउने गरेको देख्न र सुन्न पाइन्छ । सरकारको नेतृत्व गर्न पुग्दा आदर्शका कुरा सबै बिर्सेर स्वार्थ सिद्धि नै दलहरुको मुख्य एजेण्डा हुने अहिलेसम्मको राजनीतिक अभ्यासले देखाएको छ ।

बेथितीलाई बढावा दिएर धमिलो पानीमा माछा मार्न सुखद कार्यमा रमाउनेहरुलाई आफू गलत कार्यमा अग्रसर रहेको किञ्चित पनि पछुतो नहुने नैतिकहीन राजनीतिक दलका अगुवाहरु आज आफ्नो लोकप्रियता धाराशायी भई रहेको बेला आत्तिएको अवस्था छ । तीन दशकदेखि यी भ्रष्ट नेताहरुलाई काँधमा बोकी देशको संचालन कार्यभार सुम्पिएको अवस्थामा देश र जनता दिनानुदिन गरिब हुँदै जानुप्रति कुनै चिन्ता नहुनु यिनको निर्लज्जताको पराकाष्ठा हो ।

बेथितीको वातावरण स्वार्थ पूर्ति गर्न अनुकूलता प्रदान गर्न सहज हुने भएकोले तीनवटै दल मिलेर बेथितीलाई वैधानिकता प्रदान गरेर शासन प्रणालीको अंग बनायो । फरक फरक विचार राखेपनि स्वार्थसिद्धिमा तीनै पार्टी एकमत हुने र सबै मिलेर पालै पालो भ्रष्टाचार गरि धन कमाउने समान नियत देखियो । तीनवटै शक्तिको विकल्पमा अन्य कुनै शक्ति नरहेकोले राजनीतिमा यिनले दैवत्व प्राप्त गरेको स्पष्ट छ । राजनीतिमा आफ्नो वर्चस्व कायम रहेकोले पनि यिनमा अपरिवर्तनीय अहंकार पलायो । शासनमा जतिसुकै अनैतिक व्यवहार गरेपनि यिनको विकल्प कोई नभएकोले जनता यिनकै पक्षमा रह्ने अभिमान तीनैवटा दलमा छ ।

शक्ति विकेन्द्रीकरणको सिद्धान्त अनुसार देशमा तीनवटा सरकार कायम भयो । तीनवटै पार्टीले चलाएको अनैतिक व्यवहारबाट प्रदेश सरकार र स्थानीय सरकार कोही अछूता रह्न सकेन । हैसियत अनुसार सबैले भ्रष्टाचार गरे । स्थानीय सरकार तीनवटै पार्टीको कार्यकर्ता भएकोले भ्रष्टाचार निर्वाध रुपमा गतिशील भयो । जनताको माँग अनुसार प्रदेश र स्थानीय सरकारको संरचनाले ५ वर्षको अवधीमा केन्द्र जस्तै भ्रष्टाचार गर्न सक्षम रहेको भ्रष्टाचारमा समातिएर जेल जाने घटनाहरुबाट स्पष्ट देखिएको छ ।

स्थानीय स्तरमा पार्टीका कार्यकर्ताको जिम्मा रहेको स्थानीय सरकारले अनावश्यक करको बोझ थपेर, घूस नलिई सेवा उपलब्ध नगराउने, आएको राहतलाई बाँडीचुँडी खाने, आदि अनेक विधी स्वार्थ पूर्ति गर्ने, विकासको कार्यलाई आधार बनाई चुहावट गरि भ्रष्टाचार गर्ने तथा योजनालाई परिणाममुखी हुन नदिने कार्य स्थानीय कार्यकर्ताले कसरी सिके आश्चर्यको कुरा हो । संघीय सरकार जस्तै प्रदेश र स्थानीय सरकारले भ्रष्टाचार गर्न आफ्नो पनि नैसर्गिक अधिकार रहेकोले इमानदारीका साथ सबै मिलेर देशलाई लुटे । पहिले ६०१ धमिराहरु थिए भने संघीय संरचनामा हजारौं धमिराहरु उत्पन्न भए । जसले जे खाएपनि देशलाई नै खाए । जनहितको लागि संघीय संरचना भनिए पनि यो जनताको लागि प्रत्युपादक बन्यो ।

बेथितीले देशको हावा, पानी, माटोलाई आफ्नो कब्जामा पारेको अवस्थामा सुधार कहाँबाट शुरु गर्ने भन्ने निर्णय कसैले गर्न सकि रहेको छैन । सीआईबीले भ्रष्टाचारको आरोपमा पूर्व गृहमन्त्री बालकृष्ण खाँडलाई समातिएको घटना तथा शेरबहादुर देउवाकी श्रीमति आरजु देउवाको नाम पनि समावेश रहेको चर्चाले नेपाली काँग्रेसको देउवा पक्ष प्रचण्डसंग अत्यन्त दुःखी भए । आफ्नै गठबन्धनको सरकार रहेपनि आफ्ना विश्वासी खाँडलाई बचाउन नसकि ठूलो पछुतो लाग्यो । श्रीमति पनि समातिने हो कि भनेर सीआईबीको टीमलाई हटाउने कि सरकार गिराई दिने प्रचण्डलाई दिएको धम्कीबाट सीआईबीको टीमलाई सरुवा गरि आफ्नो प्रभावको टीमलाई ल्याएर सेटिङ्ग मिलायो । भ्रष्टाचार गराउन र जोगाउन तीनै दलको भद्र सहमतीबाट संचालित यिनी शक्तिशाली हुन् तर अलग अलग यिनको कुनै शक्ति नरहेको घटनाक्रमले स्पष्ट पारेको छ । सीआईबी टीमलाई अनुसन्धानबाट बञ्चित गरि किन हटाईयो ।

राज्यसत्ताको लगाम तस्कर र माफियाको हातमा रहेकोले दलहरु भ्रष्टाचार निवारण गर्ने दुस्साहस गर्नै सक्दैन । तस्कर र माफियाको मतियार तीनवटै राजनीतिक दलको आमदानी स्रोत उनै हुन् । उनैको कृपाले यी पार्टीहरु पल्लवित र पुष्पित छन् । सरकारमा भएर तीनवटै पार्टीले भ्रष्टाचारका ठूला ठूला काण्ड गरेर **चोर चोर मौसेरा भाई** बनेका छन् । पार्टीको अगाडी धेरै विवशताहरु छन् । पैसा नकमाउँ भने पार्टी कसरी चलाउने ? पार्टी चलाउन करोड हैन, अरबको आवश्यकता पर्छ । चुनाव यति महँगो भयो कि करोडौं खर्च नगरि जित्नै कठीन हुन्छ । जितेन भने पार्टी नै रहँदैन । अनैतिक कार्य पार्टीका अगुवाहरुका लागि बाध्यता हो । सुधारका क्रिया थाल्दा अरु पार्टीका नेता समातिने, पछि आफू पनि जेल जाने अवस्था आउन सक्छ । यही कारण हो कि अनैतिक मानिसले सुधारका कुरा गर्नै सक्दैन । नक्कली भुटानी शरणार्थी, ललिता निवास प्रकरण तथा सुनकाण्डको अनुसन्धान अगाडि बढ्यो तर मत्थर भयो ।

देशमा बढि रहेको आर्थिक संकट, आर्थिक मन्दी र जनतामा भई रहेको क्रयशक्तिको ह्रास, महँगाईको मार, थपिँदै गएको करभार आदिबाट जनतामा आक्रोशको सूचकाँक तीव्रतर बढ्दै गएको आत्मदाह, आत्महत्या आदि घटनाले प्रष्ट रुपमा संकेत गरि रहेको छ । समाजमा पौराणिक रुपमा सहिष्णुताको बलियो बन्धनमा बाँधिएको विविध संस्कृतिको एकतालाई राजनीतिक फायदाका लागि राजनीतिक दलहरुले सबैलाई उचालेर एक अर्काको बैरी बनाई दिएको अवस्थामा समाज अहिले कुनै स्थिर स्वरुप लिन नसकि अराजक बनेको छ । मन्त्री, साँसदलाई सार्वजनिक स्थल मै खुकुरी हान्नु प्रतिनिधी घटनाहरु घट्दै गएको छ ।

> समाजमा पौराणिक रुपमा सहिष्णुताको बलियो बन्धनमा बाँधिएको विविध संस्कृतिको एकतालाई राजनीतिक फायदाका लागि राजनीतिक दलहरुले सबैलाई उचालेर एक अर्काको बैरी बनाई दिएको अवस्थामा समाज अहिले कुनै स्थिर स्वरुप लिन नसकि अराजक बनेको छ । मन्त्री, साँसदलाई सार्वजनिक स्थल मै खुकुरी हान्नु प्रतिनिधी घटनाहरु घट्दै गएको छ ।

अराजक बनेको समाजमा फैलिएको आक्रोश जहाँ जनताको आवश्यक आवश्यकता पनि पूर्ति हुँदैन, जनता यथास्थितिमा रह्न चाहँदैन । समाजमा उम्ली रहेको जन आक्रोश कुन दिशामा अग्रसर हुन्छ, यो त भन्न सकिंदैन । तर यथास्थितिमा पनि जनता रह्न सक्दैन । जीवन यापन गर्न कठीन रहेको अवस्थामा परिवर्तनका आकाँक्षी जनता यी तीनवटै पार्टीप्रति आक्रोशित छन् । समाजमा उम्ली रहेको परिवर्तनको ज्वालामुखी तीनवटै पार्टीको विकल्प खोज्न नजाला भन्न सकिंदैन ।

janukjha24@gmail.com

# अन्तरप्रदेशीलाई प्रदेश लोक सेवाको समावेशी कोटामा निषेध गरौं



**कौशल गोपालवंशी**

वर्तमान अवस्थामा लुम्बिनी बाहेक सबै प्रदेशले आफ्नै प्रदेश निजामती सेवा ऐन जारी गरिसकेको छ । सबै प्रदेशले निजामती सेवालाई समावेशी बनाउनका लागि समानुपातिक समावेशिताको सिद्धान्तलाई नै अनुशरण गरेको छु भन्ने प्रदेशहरुले आफ्नो दाबी गरेका छन् । यसरी समानुपातिक समावेशीमा विभिन्न कलस्टरहरुको समावेशी आरक्षण कोटा पनि सबै प्रदेशको फरक-फरक रहेको छ ।

कतिपय प्रदेशहरुमा निजामती सेवालाई समावेशी बनाउन छुट्याइएको आरक्षण कोटामा गरिएको कलस्टर अनुसारको विभाजित प्रतिशतमा विवाद पनि भएको छ । प्रदेशहरु आफ्नो प्रदेशको जनसंख्याको अनुपातमा आरक्षणको व्यवस्था गरिएको बताएका छन् । उदाहरणका लागि लुम्बिनी प्रदेशमा १५% मधेशी छ भने त्यहाँ मधेशीले १५% आरक्षण कोटा पाउँछन् । यसबाट के प्रष्ट हुन्छ भने त्यो प्रदेशको निजामती सेवालाई समावेशी बनाउनका लागि १५% त्यस क्षेत्रको मधेशी भयो भने समानुपातिक समावेशीको सिद्धान्त अनुशरण हुन्छ भन्ने बुझिन्छ । अर्थात् १५% मधेशी त्यही प्रदेशको भए भने निजामती सेवामा पहुँच नभएका त्यस प्रदेशको जनतामा समानुपातिक समावेशीको सिद्धान्त अनुसार उनीहरुको प्रतिनिधित्व हुने देखिन्छ, तर प्रदेश निजामती ऐनमा यसको प्रष्ट व्यवस्था नभएकोले प्रदेशमा दिएको आरक्षण कोटाको लाभ त्यहाँ प्रदेशको नभएर अरुको प्रदेशकोले लाभ लिने गरेका छन् ।

अहिलेको व्यवस्थाबाट कसरी घाटा हुँदैछ प्रदेशको जनतालाई ?

उदाहरणका लागि लुम्बिनी प्रदेशमा दिएको आरक्षण कोटा लुम्बिनी प्रदेशको जनसंख्याको आधारमा दिएको छ । अर्थात् यो आरक्षण लुम्बिनी प्रदेशको जनताका लागि नै हो भन्ने प्रष्ट किनकि यहाँ आरक्षण लुम्बिनीको जनसंख्याको आधारमा लुम्बिनीको पिछडिएका क्षेत्र समुदायको उत्थान, सरकारी सेवामा सबैको प्रतिनिधित्व र नीति निर्माण तहसम्म सबैको पहुँच होस् भनेर राखेकोमा कसैको फरक मत छैन ।

मानौं, आरक्षण कोटाबाट निजामती सेवामा सिफारिस भएका उम्मेदवारहरु सबै लुम्बिनी प्रदेशभन्दा बाहिरको भयो भने यो आरक्षणको फाइदा के त ? के यस्तो प्रकारको आरक्षणको व्यवस्थाले, लुम्बिनी प्रदेशको पिछडिएका जनतालाई निजामती सेवामा पहुँच दिलायो त ? पक्कै पनि होइन । हो यहाँ कसैले तर्क गर्न सक्छ कि आखिर मधेशीको कोटाको कुनै मधेशी नै आए, महिलाको कोटामा कुनै महिला नै आए, जनजातिको कोटामा कुनै जनजाति नै आएको हो । यो तर्क पुर्णतः ठिक र उचित होइन, किनकि समानुपातिक समावेशीले प्रत्येक वर्ग-समुदाय तथा हरेक क्षेत्रको प्रतिनिधित्व गराउनका लागि गरिएको व्यवस्था हो ।

माथी उल्लेखित तर्क अनुसार वर्ग/समुदायको प्रतिनिधित्व त हुन्छ तर क्षेत्रको प्रतिनिधित्व छैन । यदि यसो हुने भए पिछडिएका क्षेत्रमा हुने बाहुन/क्षेत्री/खसआर्यहरुलाई किन छुट्टै आरक्षण चाहियो त ? त्यहीं भएर समावेशी सिद्धान्तकै अनुसार हरेक क्षेत्र र हरेक समुदायको प्रतिनिधित्व हुने गरि प्रदेश निजामती सेवाको आरक्षण कोटामा बाह्य प्रदेशको उम्मेदवारलाई निषेध गर्नुपर्छ ।

अहिलेको परिवेशमा, बाह्य प्रदेशको उम्मेदवार आरक्षण कोटामा सिफारिस हुन्छ अनि १/२ वर्ष जागिर गरेपछि उनीहरुले फेरि अन्तरप्रदेशको सरुवा हुनुपर्ने माग राखी आन्दोलन गर्छन् । अनि आफ्नो भोटको राजनीति र कर्मचारीमा पसेको राजनीतिकतन्त्रले अन्तरप्रदेशीय सरुवा पनि गर्ने गरेको छ । यसरी अन्तर प्रदेश सरुवा भएपछि फेरि पनि लक्षित वर्गको प्रतिनिधित्व नहुने हुन्छ ।

यसरी बाह्य प्रदेशको उम्मेदवारले दिगो समयसम्म वर्गको पनि प्रतिनिधित्व गर्दैन । जसरी मधेश प्रदेशको कुनै उम्मेदवार लुम्बिनी प्रदेशमा मधेशी कोटामा सिफारिस भयो तर लुम्बिनी प्रदेशको मधेशीसँग मधेश प्रदेशबाट आएका कर्मचारीको रसनसहन/बोलचाली मिल्दैन, त्यहीं भएर उ फेरि कि त मधेश प्रदेशमा फर्किन चाहन्छ कि त उ पूर्व-पश्चिम राजमार्गतिर काम गर्न खोज्छ । यहाँ हेरें, मधेशी कोटाबाट सिफारिस भएकाले मधेशतिर काम गर्न खोज्दैन अनि त्यहाँ फेरि कोहि गैरमधेशी कर्मचारी गएपछि एक त त्यो लक्षित क्षेत्रको जनताले मैका नपाउनु एउटा पीडा छँदैछ । त्यसमाथी फेरि बोलीचाली/संस्कृति नमिल्ने गैरमधेशी कर्मचारीबाट सेवा लिनु पर्दाको हुने कठिनाइ पनि माथीबाट थपियो ।

त्यसै मधेशी कोटा/अथवा आरक्षण कोटाबाट सिफारिस भएका कर्मचारीहरुलाई अनिवार्य रुपमा केही अवधिसम्मका लागि लक्षित क्षेत्रमा कामकाज गर्नैपर्ने व्यवस्थाको सशक्त जरुरी छ ।

त्यसैगरी, अहिले संघीय मातहतको लोक सेवा आयोगमा एउटा विकृत छ । विभिन्न जिल्लाहरुमा भएको लोकसेवा कार्यालयले एउटै पदका लागि छुट्टाछुट्टै विज्ञापन गर्ने गरेको छ । यदि सेवा/समुह/ उपसमुह/पद एउटै भए प्रवेश बिन्दु पनि एउटै हुनुपर्छ । एउटै सेवा/समुह/उपसमुह/पदमा कोही २००० सँग प्रतिस्पर्धा गर्छन् भने को हो ५० जनासँग मात्र ? सबै कार्यालयको मिलाएर एउटै विज्ञापन किन निकाल्ने त ? बरु देशको ७५ वटा जिल्लामा परिक्षा केन्द्र राखौं । तर एउटै सेवा/समुह/उपसमुह/पदका लागि एउटै प्रवेश बिन्दु र एउटै विज्ञापन हुनु पर्छ । कि त सबै लोकसेवा कार्यालयको बिज्ञापन क्षेत्र तोकियोस् र त्यस क्षेत्रको विज्ञापनमा त्यस क्षेत्रको जनताले मात्र प्रतिस्पर्धा गर्नुपर्ने नियमको व्यवस्था गरि लागू गरौं, अनि मात्र निजामतीमा लक्षित वर्गको पहुच हुनेछ ।

# मुख्यमन्त्रीले एकलौटीरूपमा मन्त्रालय फुटाउनुभयो



## अभिराम शर्मा

**महासचिव, लोकतान्त्रिक समाजवादी पार्टी**
**संसदीय दलका नेता, मधेश प्रदेश**

**० मधेश प्रदेश सरकारले मन्त्रालय फुटाएर मन्त्रिपरिषद् विस्तार गरेको छ, लोसपाको यसमा के धारणा छ ?**

– मधेश प्रदेशमा गठबन्धनको सरकार हो । गठबन्धनमा मधेश प्रदेशमा १० मन्त्रालय राख्ने सहमति भएको थियो । तर मुख्यमन्त्रीले गठबन्धनमा कुनै छलफल नै नगरी मन्त्रालय फुटाउनु भएको छ । यो सन्दर्भमा हाम्रो गम्भीर विमति छ । हामी जसपाा बाहेकका कांग्रेस, जनमत, माओवादी केन्द्र, लोसपा र नेकपा (एकीकृत समाजवादी)को बैठक बसेका थियौं । हामीले भन्यौं कि भएको सहमतिअनुसार मुख्यमन्त्री अगाडि बढ्नुपर्छ । मन्त्रालय फुटाएर थपिएको छ, यो गलत भएको हाम्रो निष्कर्ष छ । यो प्रदेशलाई आर्थिक भारबाट हीी बचाउनुपर्छ ।

**० मुख्यमन्त्रीले मन्त्रालय फुटाउनुपर्ने केही बाध्यता होला नि ?**

– यसको जवाफ त मुख्यमन्त्री र जसपाले दिनुपर्छ । मधेश प्रदेशमा जसपाको एकल सरकार होइन । मधेश प्रदेशमा ६ दलको गठबन्धनको सरकार हो । उहाँले मन्त्रालय फुटाउनै पर्ने बाध्यता थियो भने गठबन्धनभित्र छलफल गर्नुपर्दथ्यो । यो गठबन्धनको सरकार बन्दै गर्दा नै हामीबीच सहमति भएको हो कि १० वटा मन्त्रालय मात्रै राख्ने । मुख्यमन्त्रीले बिना कुनै छलफल, क्याबिनेटमा पनि छलफल नगरी एकतर्फी ढंगले मन्त्रालय फुटाउने काम गर्नुभएको हो । अब संसद चलेपछि हामीले मुख्यमन्त्रीसँग जवाफ माग्छौं ।

**० मुख्यमन्त्रीको जवाफ सन्तोषजनक आएन भने के गर्ने ?**

– सत्ता गठबन्धनको काम, कर्तव्यको विषयमा समीक्षा गर्नुपर्ने आवश्यकता छ । यस्ता थुप्रै विषयहरु छन्, जसमा मुख्यमन्त्रीसँग छलफल गर्ने वातावरण बनाउँदैछौं । मन्त्रालय तोडफोड, योजना बाँडफाँट लगायतका समसामयिक विषयहरुमा मुख्यमन्त्रीसँग छलफल हुन्छ । मुख्यमन्त्रीले जसरी मन्त्रालय फुटाउनुभएको छ, यसबारे पुनर्विचार गर्नुहुन्छ । अन्य विषयहरु पनि छन्, यदि ती विषयहरुमा उहाँको स्पष्ट ढंगले कुरा आएन भने जे पनि हुनसक्छ ।

**० जसपाको मुख्यमन्त्रीले एकलोटी ढंगले चलिरहेको भन्ने आरोप गठबन्धनका दलहरुले पहिलादेखि नै लगाउँदै आएको छ नि ?**

– यदि गठबन्धनको सरकारा हो भने मुख्यमन्त्रीले यस्ता निर्णयहरु गर्दा कम्तीमा संसदीय दलहरुसँग छलफल गर्नुपर्दथ्यो । यहाँसम्म कि क्याबिनेटमा पनि छलफल गर्नुभएको छैन । पहिला नै हामीले सहमति गरिसकेका छौं कि १० वटाभन्दा बढी मन्त्रालय नबनाउने । यदि त्यस्तै बाध्यता नै पर्‍यो भने मुख्यमन्त्रीले छलफल गर्नुपर्ने थियो । आवश्यकता र औचित्य पनि पुष्टि गर्नुपर्ने हुन्थ्यो । तर त्यो नगरिकन उहाँले गर्नुभयो, जुन गलत हो । यो सरकार भनेको जसपाको मात्रै होइन, गठबन्धनको सरकारा हो । गठबन्धनभित्र बिना छलफल एकलौटी ढंगले मुख्यमन्त्रीले गर्न खोज्नुहुन्छ भने त्यो मान्य हुँदैन । उहाँ सच्चिनु भएन भने अन्य ाविकल्पहरु पनि छन् ।

**० मुख्यमन्त्री सच्चिनुभएन भने मधेश प्रदेशको गठबन्धन फेरिन सक्छ ?**

– एकलौटी जान खोज्यो विकल्पहरु त छँदैछ नि । उहाँको जवाफ चित्तबुझ्दो आएन भने जे पनि हुनसक्छ ।

**० पहिलो कार्यकाल जसपाले पूरै पाँच वर्ष नै सरकारको नेतृत्व गर्‍यो, अहिले पनि जसपाकै नेतृत्व छ । जसपाले नै पूरै कार्यकाल नेतृत्व गर्ने कि आलोपालोको सहमति भएको छ ?**

– जुन दिन यो गठबन्धन निर्माण भयो, त्यो दिन नै मधेश सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको हो । कसले कुन बेला गर्ने त्यो सहमति भएको छैन । समयसीमा तोकिएको छ, त्योअनुसार हामी अगाडि बढ्छौं । अहिले जसपाको नेतृत्वसँग हाम्रो विमति छैन । तर, जसरी मन्त्रालय फुटाइएको छ, त्यसमा हाम्रो विमति छ ।

**० अहिलेको सत्ता गठबन्धनमा ६ दल छन्, ती सबैले आलोपालो सरकारको नेतृत्व गर्ने ?**

– यस विषयमा हाम्रो केन्द्रीय नेतृत्वले छिनोफानो गर्छ ।

**० लोसपाले नेतृत्व गर्ने सहमति भएको हो कि होइन ?**

– उपनिर्वाचनपश्चात केन्द्रीय नेतात्वमा भएको छलफलमा लोसपाले पनि मधेश प्रदेश सरकारको नेतृत्वा पाउने सहमति भएको हो । तर, प्रदेशको आवश्यकताअनुसार हामी अगाडि बढ्ने हो । लोसपाले आफ्नो दाबी विगतको दिनमा पनि गरेको थियो, अहिले पनि हाम्रो दाबी कायम छ । अहिलेसम्म जसपाले नेतृत्व गर्ने समय बाँकी छ ।

**० भनेपछि प्रदेशसभाको यो कार्यकालमा मधेश प्रदेशमा कम्तीमा चार/पाँच वटा मुख्यमन्त्री फेरिन सक्छ ?**

– यो सन्दर्भमा केन्द्रीय नेतृत्वले छलफल गरेर टुंग्याउनु हुन्छ । संघीय सरकारको नेतृत्वमा पनि तीन दलले गर्ने सहमति भएकै हो ।

**० लामो समयपछि मधेश प्रदेशसभाको बैठक आह्वान भएको छ, प्राथमिकताहरु के-के छन् ?**

– सरकारले बिल पठाएपछि सभा सञ्चालन हुने हो । सरकारले जब बिजनेस पठाउँछ, त्यो बमोजिमको छलफल हुन्छ । हामीसँग बिजनेशहरु पनि आइसकेका छन् । अहिले कर्मचारीहरुको बिल आएको छ । त्यसलाई समितिमा पठाउने हो । हाम्रो दुईवटा समितिको सभापति छनोट गर्ने ाकाम बाँकी छ । कार्तिक १ गते यसको निर्वाचन छ । हामीले पहिलो कार्यकालमा पनि ५५ वटा कानून पारित गरेका हौं । थोरै कानून कार्यान्वयनको अवस्था छ । हामीले त एकदम महत्वकांक्षी विधेयकहरु प्रहरी ऐन बनायौं तर समायोजनको प्रक्रिया अगाडि बढेको अवस्था छैन । केही ऐनहरु संघीय सरकारको कारणले रोकिएको अवस्था छ । हाम्रो सदन सुचारु हुने बित्तिकै विभिन्न बिलहरुलाई अगाडि बढाउँछौं ।

**० प्रदेश सरकारको कामकारबाहीप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?**

– हामीले सुशासनयुक्त प्रदेश बनाउन खोजेका छौं । हाम्रो मुख्यमन्त्रीले पनि भन्नुभएको छ कि प्रदेशमा सुशासन कायम गर्छौं । अहिले हेर्नुस्, हाम्रो प्रदेशका पूर्व अर्थमन्त्रीमाथि भ्रष्टाचार मुद्दा नै दर्ता भएको छ । अहिले हामी सदनबाट एउटा विशेष समिति पनि निर्माण गरेका छौं । विगतका दिनहरुमा जुन कामहरु भयो, खासगरी रकमान्तरका विषयहरुका बारेमा प्रदेशमा उठेको छ । त्यो सन्दर्भमा पनि हामीले समिति बनाएका छौं । त्यो समितिले जाँचबुझको प्रक्रिया अगाडि बढाएको छ । हामीले यो प्रदेशलाई ठिक दिशामा लग्न खोजेका हौं । अहिले नै हामी मुख्यमन्त्रीसँग विभिन्न विषयहरुमा छलफल गर्नुपर्ने अवस्था छ । समग्रमा काम सन्तोषजनक छ । सरकारले अहिले जति काम गरेको छ, त्यसमा आलोचना गर्नुपर्ने अवस्था छैन ।

# तराई–मधेशका महिलालाई आत्मनिर्भर बनाउने अभियान सुरु गर्दैछौं



## सुनिता साह 'क्रान्ति'

**अध्यक्ष, तराई-मधेश महिला फाउण्डेशन नेपाल**

**० हालै तपाईंले तराई-मधेश महिला फाउण्डेशन नेपाल गठन गनुभएको छ, यसले के गर्छ ?**

– हाम्रो समाजका महिलाहरु जो दबिएका, पिछडिएका, शिक्षा र अवसरबाट वञ्चित छन् उहाँहरुको लागि काम गर्ने यो तराई-मधेश महिला फाउण्डेशन नेपाल गठन भएको हो । म एउटा महिला भएको नाताले मैले जुन अवस्थाहरु हेरेको छु, ती पिछडिएका महिलाहरुलाई कसरी अगाडि ल्याउन सकिन्छ, बेरोजगारी कसरी अन्त्य गर्ने, शीपमूलक कसरी बनाउने, आत्मनिर्भर कसरी बनाउने कुरालाई उठान गर्नेछौं । केही पितृसत्तात्मक सोच भएका पुरुषहरुले महिलाहरुको योगदान, बलिदान, क्षमताबाट अगाडि बढेका छन्, तर ती महिलालाई नै अवहेलना गर्दै आएका छन् । महिलाको योगदान कहिल्यै पनि सम्मान नगर्ने प्रवृत्ति पनि छन् । शोषण, दमन र उत्पीडनमा परेका महिला दिदीबहिनीहरुलाई आत्मनिर्भर बनाउनका लागि हामीले यो संस्था खडा गरेका छौं । महिलामा भएका क्षमतालाई उजागर गर्न यो संस्थाले मद्दत गर्नेछ ।

**० यो फाउण्डेशनले तराई-मधेशका महिलाका लागि गर्छ ?**

– तराई-मधेशका महिलाहरु धेरै समस्यामा छन् । एक त बेरोजगारीका समस्या छन्, जसले पुरुषहरु विदेसिन बाध्य छन् । म महिलाका लागि दुई दशकदेख वकालत गर्दै आएको छु र बाँचुन्जेल गरिरहने छु । जो दिदीबहिनीहरु पढेलेका छैनन्, तर उहाँहरुसँग धेरै सिपहरु छन् । स्वीटर बुन्ने, चिप्स् बनाउने, विभिन्न किसिमका पकौरा ( अदौरी) बनाउने लगायत थुप्रै सीप भएका दिदीबहिनहिरु छन् । उहाँहरुको सीपलाई व्यवसायसँग जोड्न सकियो भने यसले हाम्रो देशको आर्थिक अवस्थामा पनि टेवा पुऱ्याउँछ । पढलेखेका होस् वा नपढेका सीप बिना कोही पनि छैनन् । ती सीपहरुलाई हामीले कसरी दिनचर्यासँग जोड्ने, आर्थिक उपार्जनसँग जोड्ने भन्ने अभियानमा हामी लागेका छौं । उहाँहरुको सीपलाई हामीले सदुपयोग गर्न सक्यौं भने उहाँहरुले पनि आर्थिक आम्दानी गर्न सक्नुहुन्छ र आत्मनिर्भर बन्न सक्नुहुन्छ ।

**० यसको थालनी कसरी गर्नुहुन्छ ?**

– तराई-मधेशका हरेक महिला दिदीबहिनीहरुलाई आत्मनिर्भर र व्यवसायसँग जोड्ने हाम्रो अभियान हो । यसका लागि हामी प्रत्येक वडा-वडामा गएर एउटा समूह बनाउने, त्यो समूहभित्र एउटा लिडर बनाइदिने र त्यो लिडरले आवश्यकताको आधारमा उहाँहरुलाई सामानहरु उपलब्ध गराउने काम गर्नुहुन्छ । जुन समूहले जुन सामान बनाउन चाहनुहुन्छ, सोहीअनुसारको वस्तुहरु उपलब्ध गराउने । ती समूहरुले उत्पादन गरेको सामानहरुको बजार व्यवस्थापन गर्नका लागि छुट्टै एउटा समूह बनाउने । यसरी बजार व्यवस्थापन भइसकेपछि त्यासबापत आएको रकमबाट ती महिलाहरुको उचित पारिश्रमिक दिने । त्यसरी गरियो भने महिला आफ्नो काममा व्यस्त हुन्छन् र विभिन्न विकृतिहरु पनि रोकिन्छ । सरकारले मात्रै गरेर हुँदैन । देशमा आर्थिक संकटको अवस्था छ, त्यसबाट निस्किनका लागि हामी नागरिक स्वयम् पनि जागरुक हुनुपर्छ । हामीसँग भएका सीपलाई हामीले सदुपयोग मात्रै गर्‍यौं भने हामी आफ्नो परिवार चलाउन र बच्चालाई पढाउन पनि सक्छौं । हामीले यस्ता कामहरु पहिलादेखि नै सप्तरी जिल्लामा गर्दै आएका पनि छौं । हिंसापीडित महिलालाई हामीले यस्ता काममा लगाएका पनि छौं । उहाँहरुको जीवनशैलीमा धेरै परिवर्तन भइसकेको छ । अब हामी बोलेर मात्रै होइन, गरेर देखाउनुपर्छ ।

**० यो संस्थाले महिलाहरुलाई स्वरोजगार बनाउँछ ?**

– निश्चितरुपमा हामीले जुन किसिमको योजना बनाएका छौं, त्यसबाट महिला स्वरोजगार र आत्मनिर्भर हुन्छन् । साथसाथै हामीले महिलालाई विभिन्न किसिमका चेतनामूलक तालिमहरु पनि दिन्छौं । महिला हुने विभिन्न समस्याहरुबाट कसरी बच्ने, स्वास्थ्यसम्बन्धी समस्याबाट कसरी बच्ने लगायतका कार्यहरु पनि गर्छौं । हामीले नियमितरुपमा महिलाहरुको स्वास्थ्य चेकजाँचका लागि स्वास्थ्य शिविरहरु पनि सञ्चालन गर्छौं ।

**० स्वरोजगार बनाउनका लागि त ठूलै रकमको आवश्यकता पर्छ, यसको जोहो कसरी गर्नु हुन्छ ?**

– अहिले मुलुकमा तीन तहको सरकार छ । जसमा सबभन्दा जनताको नजिकको सरकार भनेको स्थानीय सरकार हो । हामी स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्छौं । हामी आफ्नो योजना लिएर उहाँहरुसँग जान्छौं र सहयोग माग्छौं । स्थानीय सरकारहरुले यस्ता स्वरोजगारमूलक कार्यहरु गरिरहेको हुन्छ । प्रत्येक वडामा हामीले यो कार्यको सुरुवात गर्ने हो । तीा वडाका प्रतिनिधिहरुकै वार्डमा हामीले कार्यक्रम सञ्चालन गर्ने हो ।

**० यो कार्य गर्न कतिको चुनौती छ ?**

– चुनौती त हरेक काम गर्न हुन्छ । यदि तपाइँ परिवर्तन र रुपान्तरण गर्ने बाटोमा लाग्नु हुन्छ भने निश्चितरुपमा चुनौती आउँछन् । यो मेरो लागि ठूलो चुनौती नै हो । तर मलाई चुनौतीसँग सामना गर्न बडो रमाइलो लाग्छ । मेरो सामाजिक कार्यको यो दुई दशक चुनौतीसँग नै लड्दै यहाँसम्म आइपुगेको छु । म अब चुनौतीसँग रमाउन थालें । जब मलाई कसैले विरोध गर्छ, मेरो काममा अवरोध ल्याउँछ भने मलाई लाग्छ कि अब मेरो सफल भइसक्यो । किनभने मेरो चालेको कदम राम्रो छ र पो चुनौती आयो । मैले यो कार्य गर्दा चुनौतीको रुपमा लिएको छैन, यसलाई समभावको रुपमा लिएको छु । मेरो यो समभाव नै सम्भावना बन्नेछ र भोलि सफल हुनेछ ।

# नागरिकता पाउन संघर्ष गर्दै रफीभित्रको मुस्कान !

राकेशप्रसाद चौधरी

जलेश्वर । गत चैत महिनामा तामझामका साथ यौनिक तथा लैंगिक अल्पसंख्यकमध्येको एक मुस्कान किन्नरले जलेश्वर महादेव मन्दिरमा ३० किलोग्रामको घण्टा चढाए। यस कार्यक्रमको नेतृत्वकर्ता समेत उनी नै थिए। भाकल पूरा भएपछि ५० जना भन्दा बढी सहकर्मीका साथ कलशयात्रा गरेर मन्दिरको पुजारीलाई घण्टा हस्तान्तरण गरिएको थियो। यस कार्यक्रममा सहभागी भएका अधिकांश यौनिक तथा लैंगिक समूदायका ब्यक्तिको व्यवसाय नै बधाई( धार्मिक नाचगान) तथा प्रोग्राम देखाउने काममा सरिक हुनु हो। मुस्कानले नाचगानबाहेकको व्यवसायमा संलग्न लैंगिक तथा यौनिक समूदायका सदस्यलाई निम्तो दिएको थिएन।

नेपालमा किन्नरबारे त्यति चर्चा परिचर्चा नहुने गरिएकामा चित्त नबुझेको बताउने मुस्कान भन्छन्,'भारतमा किन्नर एउटा समूदाय हो। यो ब्यक्तिबाट बच्चाको उत्पादन हुन सक्दैन्। न पुरुष हुन्छ न त महिला। यहाँ त म तेस्रोलिंगी भनेर परिचय दिनुपरेको छ।'

महिलाले लगाउने पोशाकमै बस्न, सुत्न रुचाउने मुस्कान अहिले नागरिकतामा पुरूषको ठाउँमा अन्य लेखाउन जोडजोडका साथ लागेका छन् । जिल्ला प्रशासन कार्यालय महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले लिंग परिवर्तनको लागि मेडिकल रिपोर्ट आवश्यक रहेको बताएपछि उनी विभिन्न कार्यक्रममा यस नियमको बिरोध गरिरहेका छन्। महोत्तरीबाट २०६९ सालमा नागरिकता बनाएका मुस्कानको वास्ताविक नाम रफी छ भने लिंग पुरुष उल्लेख छ। नागरिकतामा अन्य लेखाउन वडा कार्यालयको सिफारिससहित जिल्ला प्रशासन कार्यालयमा बैशाख महिना पुगेका थिए। वडाको स्पष्ट सिफारिस तथा मेडिकल रिपोर्ट नरहेको भन्दै त्यहाँबाट फिर्ता पठाइएको थियो।

मुस्कान हप्तैपिच्छे नागरिकताको विषयमा के भयो भनेर बुझ्न जिल्ला प्रशासन कार्यालय महोत्तरीमा पुग्छन्, तर निराश भएर फर्किने गरेका छन्। मुस्कान भन्छन्,'प्रशासन कार्यालयमा पुग्दा पत्र गृह मन्त्रालयमा पठाएको भन्छ। पत्रको जवाफ आएपछि मात्र जवाफ दिन्छ भनेर फर्काउने गरेको छ। अब अदालतमा मुद्दा दर्ता गराउने सोचमा छु।'

नागरिकताविहीनको अधिकारका



लागि अभियान चलाउँदै आएका अर्जुन साह भन्छन्,'मुस्कानजस्तै केसमा नागरिकतामा लिंग परिवर्तन गरेको नजिर सर्वोच्च अदालतमा छ। उनले मुद्दामा जान चाहे हामी सहयोग गर्न सक्छौं।'

गत जेठ महिनामा नेपाल प्रहरी कार्यालय महोत्तरीले अल्पसंख्यकको पीडा सुन्न राखेको एक कार्यक्रममा मुस्कानले संघर्ष र विभेदको अनुभूति सबैलाई सुनाएका थिए। उनको भनाई थियो,'हामीलाई हेर्नेवित्तिकै घृणायुक्त शब्द र व्यवहार मानिसले गर्न थाल्छन्। पुरुष र महिलाजस्तै अन्य,तेस्रोलिंगी जन्मिएपनि विभेद गरिनु उचित होइन। हामीहरुजस्ताप्रति समान व्यवहार हुनुपर्छ। संविधान र कानुनले यौनिक तथा लैंगिक अल्पसंख्यकलाई अधिकार दिएपनि सरोकारवालाले कार्यान्वयनमा ल्याउन किन चाह्दैनन्, खोजी हुनुपर्छ।'

रफी अर्थात मुस्कानको जन्मथलो जलेश्वर नजिकैको भटौलिया गाउँ हो। घरायसी कामले गर्दा विद्यालयको औपचारिक पढाई नगरेका र बाल्यकालमा अन्य बालबालिकाभन्दा फरक देखिएपछि भारत बिहारको हाजीपुरमा रहेको मामाघर पठाइएको थियो। त्यही हजुरआमासँग बस्न थाले। खैनी प्याकिङ्गको काम गर्न त्यहाँ बालमजदूरी समेत गरे। किन्नररू आउँदा हजुरआमाले लुकाउनुहुन्थ्यो, कहीँ आफूसँग लिएर नगइदिओस् भनेर। तर पछि रफीलाई आफू पनि किन्नर कै जस्तो रहेको अनुभव हुन थाल्यो र बधाईदिने कामका लागि नाचगान गर्न थाले। नागरिकता बनाउनको लागि २०६९ सालमा लामो कपाल काट्न बाध्य भएका रफी पुनः भारत नै फर्किएका थिए। त्यहाँ एकदशकसम्म बधाई र प्रोग्राममा नृत्यु गर्ने काम छाडेर कोभिड१९ को महामारीमा घर फर्किएका थिए। घर फर्किएपछि आफ्नै ठाउँमा परम्परागत नाचगान अर्थात बधाईको काम राम्रो चलेमा महादेवलाई घण्टी चढाउने भाकल गरे। दुईबर्षमा राम्रो कमाई भएपछि किन्नरहरूले आफ्नो इष्टदेव महादेवलाई मान्ने गरेको कारण तामझामका साथ घण्टी चढाए।

**चौतारी नेपालको जिम्मेवारी**

रफीबाट मुस्कान बनेर विभिन्न गतिविधि गर्दै आएका उनले कोभिड१९ को महामारी सहज भएपछि जिल्ला प्रशासन कार्यालयमा चौतारी नेपाल गैरसरकारी संस्था गठन गरेर काम गरिरहेकी छिन्।

विद्यालय शिक्षाबाट समेत बंचित रहेकी उनी सात सदस्यीय चौतारी नेपालको अध्यक्ष भएर लैंगिक अल्पसंख्यक समूदायको सशक्तिकरणको लागि काम गरिरहेकी छिन्। यो संस्थाले लैंगिक अल्पसंख्यकको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर स्वास्थ्य जाँच लगायतको सेवामा सहजीकरण गरिरहेको छ। लैंगिक अल्पसंख्यक समूदायलाई यौनकर्मीको रुपमा हेर्ने दृष्टिकोण मात्र राखेकोमा जलेश्वर र यस क्षेत्रका सोही समूदायका ब्यक्तिहरू मुस्कानसँग रुष्ट छन्।

मुस्कान भन्छन्,'मैले बधाई दिने, नाचगान गर्ने यौनिक अल्पसंख्यकलाई एक ठाउँमा ल्याएको छु । काममा खटाएको छु। त्यहाँबाट हुने आम्दानीले सात/आठजनाको पेट पालिएको छ। समान्य महिला, पुरुषभन्दा फरक स्वास्थ्य समस्या आउने गरेकाले हामीले स्वास्थ्य जाँच गर्न लगाउँछौं । त्यसैलाई अन्य लैंगिक अल्पसंख्यक समूदायले बिरोध गर्ने गर्छन्।'

**मुस्कानको नागरिकता!**

नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली २०८० मा समेत ऐन तथा नियमावली बमोजिम जारी गरिने नेपाली नागरिकताको प्रमाणपत्र वा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रमा महिला, पुरुष वा अन्यमध्ये कुनै एक लैंगिक पहिचान खुलाउनुपर्ने लेखिएको छ। अधिकारकर्मी साह भन्छन्,'मेडिकल रिपोर्ट भयो भने जिल्ला प्रशासन कार्यालयबाट नागरिकतामा लिंग परिवर्तन गर्न सहज हुन्छ। मेडिकल रिपोर्ट बिना अदालतमा मुद्दा हाल्नैपर्ने बाध्यता हुनसक्छ।'

पूरानै नागरिकता प्रमाणपत्रलाई संशोधन गरि लिंगमा अन्य लेखाउन संघर्ष जाखेको मुस्कान बताउँछन्। उनी भन्छन्,'अन्तिम पटक जिल्ला प्रशासन कार्यालयमा पुगेर निवेदनबारे जानकारी लिन्छु। त्यसपछि अदालतको बाटो लाग्छु। अदालतले न्याय गर्छ भन्ने विश्वास छ।' मधेश प्रदेशभित्र मुस्कानजस्तै समस्या भोग्नेहरूको तथ्यांक उपलब्ध हुन सकेको छैन। मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८०/८१ मा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको लागि आवश्यकता र मागको आधारमा सीपमूलक तालिम प्रदान गर्नुका साथै अल्पसंख्यकहरू प्रति समाजमा देखिएका रुढीवादी विरूद्ध समाजिक व्यवहारमा परिवर्तन ल्याउन आवश्यक कार्यक्रम संचालन गरिने लेखिएको छ। प्रदेश सरकारको नीतिभित्र यौनिक तथा लैंगिक अल्पसंख्यकको रोजगार सुनिश्चिता, स्वास्थ्य सेवा, नागरिकताजस्ता अति आवश्यक नीतिबारे मौन रहेको नाम सार्वजनिक गर्न नचाह्ने लैंगिक अधिकारवादी युवाको आरोप छ।


## कृषक वर्गहरुलाई खुशीको खबर

कृषि सामग्री कम्पनी लिमिटेडले आयत गरेको उच्च गुणस्तरको रासायनिक मलखाद (युरिया, डि.ए.पी. र पोटास), कृषि चुन तथा उन्नत बीउ बिजन यस कम्पनीका जिल्लास्थित कार्यालयहरुबाट धमाधम बिक्री वितरण भैरहेको हुँदा उक्त मल तथा बीउ बिजन प्रयोग गरी कृषि उत्पादन बृद्धि गरौं ।



कृषि सामग्री कम्पनी लिमिटेड
Krishi Samagri Company Ltd.
(An Undertaking Of Government of Nepal)
प्रधान कार्यालय, कुलेश्वर, काठमाण्डौ
फोन नं.०१-५३७९७१७



## शुभकामना

२०८० सालको विजया दशमी, शुभ दिपावली, छठ पर्व तथा नेपाल संबतको सुखद अवसरमा समस्त ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
परिवार


## मधेश अपडेट

### धनुषामा विशेष सुरक्षा रणनीति

जनकपुरधाम । दशैं, दीपावली तथा छठ पर्वलाई दृष्टिगत गरेर जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्लामा विशेष सुरक्षा रणनीति बनाएर सोही अनुसारको सुरक्षा व्यवस्था गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषामा मंगलबार आयोजित पत्रकार भेटघाटमा शान्ति सुरक्षाको प्रत्याभूति हुने गरी सुरक्षा व्यवस्था गरिएको जनाइएको छ । जिल्लामा शान्ति सुरक्षाको प्रभावकारिताका लागि ७ वटा क्यू आर टि टिम गठन गरिएको छ । घटना भएको कुनै पनि ठाउँमा ती टिमका सुरक्षाकर्मीहरू पाँच मिनटमा पुग्ने उहाँले दाबी गर्नुभयो । यसमा ७५ जना प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । यसका साथै अधिक भिडभाड हुने ठाउँमा सादा पोशाकका सुरक्षाकर्मी पनि परिचालित छन् । यसैगरी जनकपुर नगर क्षेत्रमा मात्र ९ वटा सुरक्षा मोबाइल गस्ती परिचालन गरिएको छ । दशैको समयमा आर्थिक कारोबार हुने बैङ्क, वित्तीय संस्था, सुनचाँदी पसल विशेष सुरक्षा निगरानीमा रहेका छन् भने चाडपर्वको मौका छोपी कालो बजारी गर्न प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको समिति सक्रिय रहेको पनि बताइएको छ ।

### एमाले सुदूरपश्चिम अध्यक्षमा जैशी

धनगढी । नेकपा एमाले सुदूरपश्चिम प्रदेशको अध्यक्षमा कृष्णप्रसाद जैशी निर्विरोध निर्वाचित भएका छन् । अध्यक्षमा जैशीसहित पाँचै जना पदाधिकारी सर्वसम्मत चयन भएका छन् । यस्तै प्रदेश उपाध्यक्षमा काली बहादुर शाही, सचिवमा रणबहादुर चन्द, उपसचिव (खुला) नरबहादुर बिक र उपसचिव (महिला) मा भागरथी बिष्ट तिमिल्सेना निर्विरोध निर्वाचित भएका छन् । यस्तै लेखा समिति अध्यक्षमा राजेन्द्रसिंह सामान्त सहित उपाध्यक्ष, सचिव र २ जना सदस्य निर्विरोध निर्विरोध निर्वाचित भएको निर्वाचन कमिटीले जनाएको छ । यसअघि प्रदेश अध्यक्ष, उपाध्यक्ष, सचिव र उपसचिवमा उम्मेदवारी दर्ता गराएका अन्य उम्मेदवारहरूले आ-आफ्नो उम्मेदवारी फिर्ता लिएपछि एमाले प्रदेश पदाधिकारीहरू निर्विरोध चयन भएका हुन् ।

### नेपालगन्जको निषेधाज्ञा हटाइयो

नेपालगन्ज । अवस्था सामान्य बनेपछि नेपालगन्जको कर्फ्यु र निषेधाज्ञा पूर्णरूपमा हटाइएको छ । विगत एक सातादेखि लगाइँदै आइएको कर्फ्यु र निषेधाज्ञा पूर्णरूपमा हटाइएको जिल्ला प्रशासन कार्यालय बाँकेले जनाएको छ । शान्ति सुरक्षाको अवस्था सामान्य बनेकाले कर्फ्यु र निषेधाज्ञा हटाइएको जनाइएको छ । अघिल्लो मङ्गलवार नेपालगञ्जमा तनाव उत्पन्न भएपछि दिउँसो १ बजेदेखि कर्फ्यु आदेश जारी गरिएको थियो । अवस्था सामान्य बन्दै गएपछि भने केही दिन यता दिउँसोको समयमा निषेधाज्ञा र राती कर्फ्यु लाग्दै आएको थियो । हिन्दु र मुस्लिम समुदायबीच भएको विवादले असोज १६ गते दिउँसोदेखि केही दिन अशान्त रहेको नेपालगञ्ज अहिले शान्त बनेको छ । दुई समुदायबीच बढेको तनावले उग्ररुप लिने अवस्था देखिएपछि कर्फ्यु आदेश जारी गरिएको थियो ।

### कृषकहरुलाई मोटर र पम्पिङ्ग सेट वितरण

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिकाका कृषकहरुलाई मोटर र पम्पिंङ्ग सेट वितरण गरिएको छ । पालिकाको वडा नम्बर १ देखि ९ सम्म करीब ३० जना कृषकहरुलाई स्यालो ट्यूबेल जडान गरी उनीहरुलाई मोटर र पम्पिंङ्ग सेट मटिहानी नगरपालिकाको ४५ लाख ४८ हजारको लागतमा वितरण गरिएको कुरा पालिकाका प्राविधिक बिमलेश साहले बताएका छन् । यसैबीच सो सामग्रीहरु एक कार्यक्रम बीच मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले वितरण गरेका हुन् । सो अवसरमा नगर प्रमुख मण्डलले कृषकहरुलाई पालिकाको सहयोगमा वितरण गरिएको कृषि सिचाई सामग्रीबाट राहत पुग्ने बताए । नगरपालिकाको ८५ प्रतिशत र कृषकको १५% लागत सहयोगमा जडान गरिएको स्यालो ट्यूबेल बोर्डिंगबाट १ सय ५० विघा कृषि क्षेत्रको जग्गा सिंचित हुनेछ । कार्यक्रममा मटिहानी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, वडा अध्यक्षहरु शिवशंकर कुमार राय, कलीम अंसारी, अब्दुल गफार राईन, योजना अधिकृत राजेश कुमार शर्मा सहभागी रहेका थिए ।

### कीकृत वार्षिक स्वास्थ्य समीक्षा गोष्ठी

धनगढी । धनगढीमा तीनदिने स्वास्थ्य कार्यक्रमहरूको प्रदेश स्तरीय एकीकृत वार्षिक स्वास्थ्य समीक्षा गोष्ठी शुरु भएको छ । प्रदेश प्रमुख देवराज जोशीले एक कार्यक्रमका बिच समीक्षा गोष्ठीको उद्घाटन गरेका छन् । उनले स्वास्थ्य सेवालाई सर्वसुलभ एवं प्रभावकारी बनाउनुपर्ने बताए । स्वास्थ्य उपचार सेवामा जनताको सहज पहुँच पुग्ने गरि सेवा प्रवाह गरिनु पर्नेमा उनले जोड दिए । मुख्यमन्त्री कमल बहादुर शाहले स्वास्थ्य क्षेत्रको विकासलाई सरकारले प्राथमिकता दिएको बताए । उनले स्वास्थ्य क्षेत्रका लागि बजेटको अभाव हुन नदिने बताए । सामाजिक विकास मन्त्री झपट बहादुर साउदले स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रदेश सरकार एकिकृत नीति, योजना, कार्यक्रम सहित अघि बढिरहेको बताए । स्वास्थ्य निर्देशक डाक्टर जगदिश जोशीले स्वास्थ्य समीक्षा गोष्ठीमा आव २०७९/८० का सम्पादित कार्यक्रमबारे छलफल हुने बताए । स्वास्थ्य निर्देशनालय डोटीद्वारा आयोजित समीक्षा गोष्ठी असोज २७ गतेसम्म चल्ने छ ।

### पूर्वमुख्यमन्त्री तथा योजना आयोगका उपाध्यक्ष र सदस्यहरूको भेला

रुपन्देही । लुम्बिनी प्रदेश योजना आयोगको समन्वयमा विभिन्न प्रदेशका पूर्व मुख्यमन्त्रीहरू तथा सबै प्रदेशका योजना आयोगका उपाध्यक्ष र सदस्यहरूको दुई दिने भेला रुपन्देहीमा सुरु भएको छ । प्रदेशहरूको दोस्रो आवधिक योजना निर्माण र प्रदेश योजना आयोगको अवस्था र अबको भूमिकाका विषयमा छलफल गर्न उनीहरू लुम्बिनीमा भेला भएका छन् । शुक्रवारसम्म चल्ने भेलामा कोशीबाहेक सबै प्रदेशका योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरु, मधेश र लुम्बिनीका पूर्व मुख्यमन्त्रीहरू तथा लुम्बिनीका वर्तमान मुख्यमन्त्रीको सहभागिता रहेको रहेको छ । भेलामा सबै प्रदेशहरूको दोस्रो आवधिक योजनाबारे छलफल, सङ्घीयता कार्यान्वयनमा प्रदेश योजना आयोगहरूको अहिलेसम्मको भूमिका, अधिकार प्रत्यायोजनको अवस्था र अबका दिनमा आयोगले खेल्नुपर्ने भूमिकाको विषयमा छलफल हुनेछ । अहिलेसम्मको समग्र अवस्थाको समीक्षा, भोलिका दिनको योजना र आयोगको भूमिका तथा दोस्रो आवधिक योजना निर्माण र संघीय सरकारको १६ औं योजनाको अन्तरसम्बन्ध र एकरूपता ल्याउने विषय भेलाका मुख्य एजेण्डा छन् । यसैगरी अन्य प्रदेशका अहिलेसम्मका अभ्यास र उठेका विषयवस्तु माथि पनि छलफल गरेर प्रदेशहरूको विकासको योजना तयार हुने जनाइएको छ । यसैगरी संघ, प्रदेश र स्थानीय तहको समन्वयको विषय पनि भेलामा छलफल हुनेछ ।

### फतुवा विजयपुरका मेयरलाई कैद र जरिवाना

रौतहट । जिल्लाको फतुवा विजयपुर नगरपालिकाका प्रमुख गोपाल राय यादवलाई तीन वर्ष कैद र १५ लाख रुपियाँ जरिवाना तोकिएको छ । भ्रष्टाचार मुद्दामा विशेष अदालतले कसुर ठहर्याएपछि बुधवार उक्त सजाय सुनाएको हो । प्रचलित ऐन कानुन विपरीत लाल बकैया नदीको ठेक्का रद्द गरी पालिकालाई आर्थिक नोक्सान पुर्‍याएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा विशेष अदालतले प्रमुख यादवलाई दोषी ठहर गरेको हो । उनी स्थानीय निर्वाचनमा दोस्रो कार्यकालको लागि पनि निर्वाचित भएका थिए । उक्त प्रकरणमा आयोगले २१ जनालाई प्रतिवादी बनाएकोमा अदालतले प्रमुख यादवलाई मात्रै ठहर गरेको थियो । २०७९ असार १२ गते अख्तियारले मेयर यादवसहित तत्कालीन उपप्रमुख कान्तिदेवी, वडा नम्बर १, २, ३, ५, ६, ८, ९, १० र ११ का वडाध्यक्ष, केही पूर्व वडाध्यक्ष, तत्कालीन नगर कार्यपालिका सदस्यहरूका साथै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सागरकुमार रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत गोकुल ढुङ्गेल र रञ्जना साहसमेत गरी २१ जनालाई मुद्दा चलाइएको थियो । पालिका प्रमुख यादवले नियमविपरीत लालबकैया नदीको ठेक्का रद्द गरेको अख्तियारको ठहर थियो । ठेक्का रद्द गर्दा विजयपुर र गुजरा दुवै नगरपालिकालाई आर्थिक नोक्सानी भएको भन्दै प्रतिवादीले क्रमशः ६० र ४० प्रतिशत रकम भराउन अभियोग पत्रमा माग राखेका थिए ।

# बर्दियाको पहिलो व्यावसायिक माछापालक किसान

कमल राज पौडेल देवकमल, बर्दिया । पूर्खौली घर स्याङ्जाबाट बसाइसराई गरी २०२७ सालमा ठुटेपिपल भैरहवा आएको छायाँदत्त भूसालको परिवार २०३९ सालमा भैरहवाबाट बसाईसराई गरी बर्दियाको तत्कालीन डेउडाकला गा.वि.स. हाल बासगढी नगरपालिका वडा न. ७ छोट्की डेउडा आइपुगे । छोटकी डेउडा निवासी तत्कालीन जिल्ला पञ्चायत बर्दियाका सभापति सुरेन्द्र चन्द ठकुरीसँग उनको सामिप्य बढेपछि तत्कालीन जिल्ला पञ्चायत बर्दियाको मातहतमा रहेको हाल बढैयाताल गाउँपालिका वडा न. ५ मा रहेको १ सय ९ बिघाभन्दा अधिक क्षेत्रफल ओगटेको बेवारिसे अवस्थामा रहेको बढैयातालको तत्कालीन अवस्थामा रु ३ लाख रुपियाँ खर्च गरेर मर्मत सम्भार गरी जिल्ला पञ्चायत समितिलाई वार्षिक ६ हजार दिने गरी २०४२ सालमा माछापालन व्यवसाय सुरु गरे ।



त्यसबेला व्यावसायिक रुपमा माछापालन गर्ने बर्दिया जिल्लाको पहिलो किसान छायाँदत्त भूसाल नै भए । उनले यो व्यवसाय पूर्वमा बाँके पश्चिममा कैलाली हुँदै कन्चनपुरसम्म पुऱ्याए ।

२०२७ सालमा तत्कालीन सरकारले भैरहवाको ठुटेपिपलमा नेपालको तराई र मधेश क्षेत्रमा माछापालन व्यवसायलाई प्रवर्द्धन गर्ने र माछापालन ब्यवसाय गर्न चाहाने किसानहरुलाई प्राविधिक ज्ञान र सिप दिने उदेश्य अनुरुप मत्स्य विकास परियोजना संचालन गरेको थियो ।

सोही परियोजनाबाट प्रभावित भएका छायाँदत्त भूसालले पटक-पटक गरेर १९ वर्षसम्म हाल बढैयाताल गाउँपालिका अन्तर्गत रहेको बयाताालमा ठेक्का लिएर माछापालन गरे । उनले २०४४ सालमा आफनो निजी ४ विघा खेतीयोग्य जमिनमा पोखरी निमार्ण गरी माछापालन सुरु गरे र त्यस क्षेत्रका अन्य किसानहरुलाई खेतीयोग्य जमिनमा पनि पोखरी निमार्ण गरी माछापालन ब्यवसाय गर्न सकिन्छ भन्ने सन्देश दिए ।

आज उनले आफ्नो निजि २० बिघा खेतीयोग्य जमिनमा पोखरी निर्माण गरी माछापालन गरेका छन् भने उनले गरेको देखेर आज बढैयाताल गाउँपालिकाका वडाहरु ५, ६, ७ र ८ का १ सय ८० घर परिवारका किसानहरु माछापालन व्यवसायमा आवद्ध छन् ।

त्यस क्षेत्रमा दिन १५ क्वीन्टल माछा उत्पादन भै जिल्ला भित्र र जिल्ला बाहिर बाँके, बर्दिया, सुर्खेत र कैलाली जिल्लाका विभिन्न शहरहरुमा माछा बजारीकरणको जाने गर्दछ । हाल नेपाल सरकारले त्यस क्षेत्रलाई लक्षित गरेर प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ५ वर्षीय माछाजोन कार्यक्रम संचालन गरेको छ ।

यदि माछाजोन कार्यक्रमलाई सफलतासम्म पुराउने हो भने छायाँदत्त भूसाल जस्ता लगनशील र मेहनती किसान छनोट गरी कार्यक्रममा छनोट गरी कार्यक्रममा समावेश गर्नुपर्छ, अन्यथा घरको आँगनमा खाल्टो देखाएर माछाजोन कार्यक्रममा आएको अनुदानको दुरुपयोग भई कार्यक्रम असफल हुन सक्छ ।

*बढैयाताल गाउँपालिका वडा न. ५ जगतिया गाउँ निवासी ७५ वर्षीय व्यावसायिक माछापालक किसान छायाँदत्त भूसालसँग भेटी कुराकानीको आधारमा तयार पारिएको समाचार ।*

## संक्षिप्त समाचार

### सत्ता गठबन्धन एकजुट : नेपाल

नेपालगञ्ज । नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले सत्ता गठबन्धन एकजुट रहेको बताएका छन् । बर्दियाको गुलरियामा आयोजित पत्रकार सम्मेलनमा उनले सत्ता गठबन्धन एकजुट रहेको भन्दै सरकार परिवर्तनको हल्ला फिँजाउनुको कुनै अर्थ नरहेको बताए । उनले सरकार परिवर्तन हुने हल्ला निराधार रहेको बताए । नेपालले सरकार भ्रष्टाचार विरोधी अभियानमा लागेकाले केहीलाई उकुसमुकुस भएर सरकार परिवर्तनको हल्ला फिँजाएको जिकिर गरे ।

### कोशी प्रदेशका मुख्यमन्त्रीद्वारा राजीनामा

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शनिबार आफ्नो पदबाट राजीनामा दिएका छन् । कोशी प्रदेशसभाको शनिबारको बैठकमा उनले राजीनामाको घोषणा गरेका हुन् । नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री कार्कीले यही असोज १७ गते विश्वासको मतका लागि कोशी प्रदेशसभाको सचिवालयमा प्रस्ताव दर्ता गराएका थिए । कोशी प्रदेशसभाको बैठकमा विश्वासको मत पाउने सम्भावना नदेखेपछि मुख्यमन्त्री कार्कीले आफ्नो पदबाट राजीनामा दिएको घोषणा गरेका हुन् ।

### सरकार गठनका लागि आह्वान

विराटनगर । कोशी प्रदेश प्रमुख परशुराम खापुङ्ले एक साताभित्र सरकार गठन गर्न आह्वान गरेका छन् । नेपालको संविधानको धारा १६८ को उपधारा (५) अनुसार प्रदेश प्रमुखले सरकार गठनको आह्वान गर्नुभएको हो । "कोशी प्रदेशका प्रमुख परशुराम खापुङ्समक्ष कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पदबाट राजीनामा दिनुभएकाले नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकार गठन गर्नका लागि कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने कोशी प्रदेशसभाका कुनै सदस्यलाई २०८० असोज २६ गते शुक्रबार अपराह्न ५:०० बजेभित्र आफ्नो दाबी पेश गर्न आह्वान गर्नुभएको छ", प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

### पोखरीमा मोटरबोट सञ्चालन

रौतहट । गौर नगरपालिका-१ स्थित शिवालय मन्दिरनजिक रहेको पोखरीमा मोटरबोट सञ्चालन गरिएको छ । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्ने उद्देश्यसहित मोटरबोट सञ्चालनमा ल्याइएको हो । गौर नगरपालिकाले सञ्चालनमा ल्याइएको सो मोटरबोटको नगरप्रमुख शम्भु साहले एक कार्यक्रमबिच उद्घाटन गरेपछि नियमित सञ्चालन हुन थालेको हो । त्यस क्रममा उनले मोटरबोट सञ्चालनबाट पर्यटकीय स्थल तथा आन्तरिक आयवृद्धिमा सहयोगी भूमिका हुने बताए । शिवालय पोखरीमा मोटरबोट सञ्चालनले रौतहटलगायत सीमावर्ती भारतको सीतामढी र पूर्वी चम्पारण जिल्लाबाट घुम्न आउने पर्यटकको संख्या वृद्धि हुने विश्वास व्यक्त गरिएको छ ।

### बिग मार्टमा आगलागी हुँदा करोडौँको क्षति

जनकपुरधाम । जनकपुरधामस्थित जनकपुर बिग मार्टमा शनिबार राति आगलागी हुँदा करोडौँको क्षति भएको छ । जनकपुर उपमहानगरपालिका-९ रामानन्द चोकस्थित बिग मार्टमा अकस्मात् लागेको आगो आइतबार बिहानमात्र नियन्त्रणमा आएको छ । जनकपुरधाम उपमहानगरपालिकालगायत अन्य पालिकाको वारुणयन्त्र, नेपाल प्रहरी, स्थानीयलगायतको सहयोगमा आगो नियन्त्रण लिइएको थियो । आगलागीबाट मार्टको सम्पूर्ण सामान जलेर नष्ट भएको हो । सो आगलागीबाट रु १० करोडभन्दा बढीको क्षति पुगेको बताइएको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रूपन्देही । देवदह नगरपालिका-६ सटक खोलास्थित सडकमा लु.२२ प ३९८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बुधबार दिउँसो दुर्घटना हुँदा चालक सोही नगरपालिका-६ सटक खोला बस्ने १८ वर्षीय मनोज मगरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको देवदह मेडिकल कलेज भलुहीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### ब्राउनसुगरसहित चार जना पक्राउ

बाँके । जिल्लाको खजुरा गाउँपालिकाबाट ब्राउनसुगरसहित चार जना पक्राउ परेका छन् । खजुरा गाउँपालिका-६ सिमलघारीस्थित सडकबाट अवैध लागूऔषध ब्राउनसुगर १ सय मिलिग्रामसहित सोही ठाउँ बस्ने २० वर्षीय कालु सुनार र १४ वर्षीय किशोरलाई ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले मंगलबार साँझ पक्राउ गरेको छ । यसैगरी सोही गाउँपालिका-६ सिमलघारीबाट अवैध लागूऔषध ब्राउनसुगर २ ग्राम ५ सय मिलिग्रामसहित सोही ठाउँ बस्ने २३ वर्षीय मनोज बस्याल र २४ वर्षीय बादल नेपालीलाई ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले मंगलबार साँझ पक्राउ गरेको प्रहरीले जनाएको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ । २१ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कटहरी गाउँपालिका-७ बस्ने ३० वर्षीय करण सरदालाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । आफनै घरमा सुतिरहेकी ती महिलालाई करणले बिहीबार जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी गछियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२५ मोजे सिर्सियास्थित सडकमा प्रदेश २-०३-०१७ प ६९७२ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मोटरसाइकल अनियन्त्रित भई विद्युतको पोलमा ठोक्किएर आइतबार राति दुर्घटना हुँदा चालक सोही महानगरपालिका-१ छपकैया बस्ने २४ वर्षीय रमन पटेलको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### पोखरीमा डुबेर बालिकाको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२४ रामगढवास्थित सार्वजनिक पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ । सोही ठाउँस्थित खाली जग्गामा त्रिपाल टांगी बसी काम गरी खाने भारत मोतिहारी ग्राम पञ्चायत ढांका-९ पुर्वी चम्पराण चैनपुर घर भएका सावन कुर्मीकी छोरी ७ वर्षीया कासमिरी कुर्मीको आइतबार दिउँसो मृत्यु भएको हो । सो पोखरीमा घोगी टिप्ने क्रममा डुबेर अशक्त भएकी उनको नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै उनीसँगै घोगी टिप्न गएकी डुबेर अशक्त अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डाक्नेश्वरी नगरपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तिरहुत गाउँपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खडक नगरपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

छिन्नमस्ता गाउँपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अग्निसाइर कृष्णासवरन गाउँपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कञ्चनरुप नगरपालिका
सप्तरी, मधेश प्रदेश



# हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गौर नगरपालिका
रौतहट, मधेश प्रदेश



बडादशैं, शुभ दीपावली तथा छठ पर्व २०८० को पावन अवसरमा समस्त ग्राहकवर्ग, देशवासी दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

SURYA NEPAL
PRIVATE LIMITED

सूर्य नेपाल प्रा.लि.
जमल, काठमाडौं

## बर्दिया केरा जोनमा नयाँ नेतृत्व

कमल राज पौडेल देवकमल
बर्दिया, । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई बर्दियाको केरा जोन सञ्चालन समन्वय समितिमा नयाँ नेतृत्व चयन भएको छ ।
असोज १४ गते केरा जोन सञ्चालन समन्वय समिति बर्दियाले नयाँ नेतृत्व चयनका लागि कार्यालयमा सूचिकृत भएका व्यवसायी केरा खेती गर्ने कृषकहरुको भेला बोलाएको थियो । उक्त भेलाबाट नयाँ नेतृत्वमा सहमति हुन नसकेपछि असोज २० गते निर्वाचन गर्ने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम गुलरिया नपा-५ निवासी केरा व्यवसायी शम्भु प्रसाद अधिकारीको संयोजकत्वमा सदस्यहरु नारायण रावल, परे चनारा, गणेश लामिछाने, गिता राना, दिपक राज बि.क., टीका कुमारी सम्सेली, जित कुमारी योगी र मन्जु यादवसहितको ९ सदस्यीय केरा जोन सञ्चालन समन्वय समिति सहमतिको आधारमा चयन गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई कार्यालय बर्दियाका निमित्त प्रमुख सर्जन बहादुर शाहीले बताए । बर्दिया जिल्ला भित्र ३ सय हेक्टर क्षेत्रफल जमिनमा केरा खेती हुने गर्छ । त्यसमा सबैभन्दा अधिक गुलरिया नपा भित्र २ सय ९० हेक्टर क्षेत्रफल जमिनमा केरा खेती हुने गरेको छ ।
समग्र बर्दियामा हुने केरा खेतीबाट वार्षिक १० हजार ९ सय मेट्रिक टन केरा उत्पादन हुने गरेको छ । यसरी उत्पादन हुने केराको वार्षिक कारोबार १६ करोड हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई कार्यालय बर्दियाले जनाएको छ ।

## आर्थिक समाचार

### नेपाल लाइफ क्यापिटलद्वारा मधेश प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम

जनकपुरधाम । शेयर बजार, जोखिम र यसको प्रतिफलको प्रभावबारे जनतालाई साक्षर गराउने मुख्य अभिप्रायका साथ नेपाल लाइफ क्यापिटलले नेपाल धितोपत्र बोर्डसँगको समन्वयमा मधेश प्रदेशको जनकपुरमा "लगानीका आधारभूत विशेषता, धितोपत्र बजार र जोखिम व्यवस्थापन" विषयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । मसला, कटेज- जनकपुरधाममा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रका गरी १०८ व्यक्तिहरुको सहभागिता थियो ।
नेपाल धितोपत्र बोर्डका निर्देशक हरिप्रसाद भुसालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। नेपाल लाइफ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत नविन बाँस्कोटाले लगानीका क्षेत्र र शेयर बजारको महत्व बारे प्रकाश पारेका थिए । उनले निम्न आय भएका व्यक्तिले शेयर बजारमा कसरी पहुँच पुऱ्याउन सक्छन् र यस्तो बजारबाट सर्वसाधारणले कसरी लाभ लिन सक्छन् भन्ने विषयमा जोड दिए ।
त्यसैगरी कोष प्रबन्धक नवराज सिलवालले "लगानीका आधारभूत कुरा, धितोपत्र बजार र जोखिम व्यवस्थापन" विषयमा प्रस्तुतिकरण गरे । उनले शेयर बजारको महत्व, यसले कसरी काम गर्छ र लगानीका थप क्षेत्रहरू के हुन् भन्ने बारेमा सर्वसाधारणमा साक्षरता ल्याउने कुरामा जोड दिए ।
उनले धितोपत्र बजारमा हुने जोखिम, बजारमा लगानीलाई कसरी पृथकीकरण गरी जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा थप जानकारी दिनुभयो। कार्यक्रमको बिचमा प्रश्न उत्तर सत्र पनि भएको थियो ।
नेपाल लाइफ क्यापिटलका अधिकृत विज्ञान नेपालले एक-एक गरी सहभागीहरुको जिज्ञासाको जवाफ दिएका थिए । यसबाहेक, उहाँले सहभागीहरुलाई डिम्याट, ब्रोकर, सेयर बजार र जोखिम विश्लेषणको बारेमा जानकारी प्रदान गरे । सर्वेक्षणबाट करिब ७० प्रतिशत सहभागीहरु आईपीओ आवेदनका लागि प्राइमरी मार्केटमा संलग्न रहे पनि शेयर बजारमा करिब ३० प्रतिशत मात्रै सक्रिय रहेको पाइएको थियो । करिब ३० प्रतिशत आईपीओ होल्डरलाई आईपीओ सेयर बेच्ने वा दोस्रो बजारमा थप सेयर कसरी किन्ने बारे जानकारी नरहेको पाईयो । प्रस्तुतीकरण र प्रश्न उत्तर सत्रपछि अतिथिहरूले मन्तव्य समेत दिएका थिए ।

### ग्लोबल आइएमई बैंकले नेपालमै पहिलो पटक २५ मिलियन अमेरिकी डलर क्लाइमेट फन्डको ऋण लिदै

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल क्लाइमेट पार्टनरशिप फन्ड (जीसीपीएफ), लक्जम्बर्गबाट २५ मिलियन अमेरिकी डलर ऋण लिने भएको छ । दुईपक्षबिच यससम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरी सम्झौता आदानप्रदान भइसकेको छ । उक्त ऋणले बैंकको कर्जा प्रवाह क्षमतालाई अभिवृद्धि गर्नुका साथै बैंकलाई उर्जा दक्षता प्रवर्द्धन गर्न तथा नविकरणीय ऊर्जा परियोजनाहरुमा वित्तीय सहायता प्रदान गर्न सहयोग पुग्नेछ ।
जीसीपीएफले जलवायु परिवर्तनसम्बन्धी व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपालमा पहिलो पटक ग्लोबल आइएमई बैंकलाई ऋण प्रदान गरेको हो । वातावरण संरक्षणमा यसको महत्वपूर्ण वित्तीय भूमिका रहने विश्वास गरिएको छ ।
बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले विश्वका विभिन्न २७ विकासोन्मुख तथा उदीयमान राष्ट्रहरुमा जलवायु परिवर्तन तथा दिगो विकासमा केन्द्रित रही वित्तीय लगानी गर्दै आएको जीसीपीएफसँगको सहकार्यप्रति खुशी व्यक्त गर्दै प्राप्त ऋण सहयोगले बैंकको कर्जा लगानी क्षमता अभिवृद्धि हुने र उर्जा क्षेत्रमा लगानी बढाउन थप सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।
नेपालमा जलवायु परिवर्तनबाट पर्ने असर कम गर्न, उर्जा क्षेत्रमा प्रभावकारिता एवं दक्षता वृद्धि गर्न तथा नविकरणीय ऊर्जा परियोजनाहरुमा वित्तीय सुविधा उपलब्ध गराउन यस क्लाइमेट फन्डले महत्वपूर्ण सहयोग पुऱ्याउने दुवै पक्षले विश्वास लिएका छन् ।
ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५० शाखा, ३६९ एटीएम, ३२२ शाखा रहित बैंकिङ्ग सेवा, ६६ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाख भन्दा बढी ग्राहकहरुमाझ सेवा प्रदान गरिरहेको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

छिन्नमस्ता गाउँपालिका
सप्तरी, मधेश प्रदेश

## विश्व परिवेश

# 'भारतले स्पष्ट रूपमा सबै प्रकारको आतंकवादलाई निषेध गर्दछ'

प्रधानमन्त्री मोदीले भारतले इजरायलसँग यस कठिन समयमा दृढतापूर्वक खडा हुँदैछ, भनेर भनेर संयुक्तवाणीमा भने। उनले टेलिफोनमा इजरायलको प्रधानमन्त्री बेंजामिन नेतान्याहुसँग बोल्नुपछी र उनले हमासले इजरायलमा गरेका आतंकी हमलाका बारेमा जानकारी दिएपछि, दुखद समयमा इजरायलसँग एकता प्रकट गर्नुभयो। "मैले प्रधानमन्त्री बेंजामिन नेतान्याहूलाई यो फोनको लागि धन्यवाद गर्छु र चालिरहेको स्थितिमा अपडेट दिएका लागि। भारतका जनता यस कठिन घडीमा इजरायलसँग दृढतापूर्वक खडा हुन्छ। भारत आतंकवादलाई सबै रुपमा निषेध गर्दछ र मनिफेस्टेशनहरूमा दृढतापूर्वक खडा हुन्छ," प्रधानमन्त्री मोदीले एक पोष्टमा प्रकाशित गर्नुभयो। हमासले अक्टोबर ७ गते ईस्त्रेलमा प्रवेश गरेको थियो, र अनुप्रयोगी रूपमा दुई हजार पटक ईस्त्रेलमा वायुसेना चलने गोलीहरू फिर्यो, ईस्त्रेली सैन्य जवानहरूले हेर्दैछन्। ईस्त्रेल र हमासबीचको युद्ध चौथो दिनमा प्रवेश गरेपछि, मिडियाले जनसंख्या ज्ञ,टण्ण जानको पनि थप्पिएको छ। ईस्त्रेलमा ९०० जनामध्ये मृत्यु भएको छ, जसलाई संगठनले कस्तो गरेर शूटिङहरू खेलमा गोलीमारको क्रममा निम्त्नुपरेको हो। त्यसैसंग, फिलिस्तीनमा टेल एभिभमका प्रतिकारी कार्यवाहीमा ७०० जना थिएका छन्। हमासले २००७ मा गाजा मा शक्तिप्राप्त भईतेपछि, ईस्त्रेल र फिलिस्तीनबीच संघर्षमा फसेको थियो। प्रधानमन्त्री मोदीले पहिले ईस्त्रेलमा आतंकवादी हमलाको समाचारको गहिरो शोक व्यक्त गर्नुभयो। "ईस्त्रेलमा आतंकवादी हमलाको समाचारलाई गहिरो शोक प्राप्त गरिरहेकोमा भयक्क छु। हाम्रो ध्यान र प्रार्थना पूर्णतामा एकिपट्टी बेला निर्मल अथवा खान्दानिक अविनाशीका दुखीजनामा छ। हामी संयुक्त रूपमा ईस्त्रेलको सञ्झेदारीमा खडा छौं," प्रधानमन्त्री मोदीले शनिबारको एक पोष्टमा भने। इझरायलको विपक्षमा भएका देशहरूका नेताहरूले संयुक्त रूपले जारी एक संयुक्त विज्ञप्तिमा हमासको हरकतलाई भयङ्कर मानेका छन् र ईस्त्रेलका विपदसभ्यताको लाभ उठाउने कुनै पनि देशलाई चेताउनु नेपाल, यूके, फ्रान्स, जर्मनी र इटालीका नेताहरूले चेताइयो। "हमी जाहिर गर्दछौं कि हमासका आतंकवादी कार्यहरूलाई कुनै न्यायत्वको आधारबिनाको कारण छैन, कुनै विधेयक स्वीकार्य छैन र सबै अन्यथाएको छैन। आतंकवादको लागि कहिल्यै कुनै न्यायत्वको कारण छैन। अहिलेका दिनहरूमा दुःख भएर हेर्दै छौं हामासले ईस्त्रेलका परिवारहरूलाई उनीहरूका घरहरूमा मासहार गरेको, संगीत कार्यक्रममा रमाउँदै रोकिएका युवाहरूलाई २०० जनासम्म घाइते, वृद्ध महिला, बालबालिका र पुरा परिवारहरूलाई अपहरण गरेको, " उक्त विज्ञप्तिमा भनिएको छ। "हाम्रा देशहरू ईस्त्रेललाई तत्काल अपनी सुरक्षामा तथा ऐस्कानहरूको विरुद्ध ऐस्कानहरूबाट सुरक्षित रहनुको लागि समर्थन गर्नेछन्। हामी उत्पातका समयमा ईस्त्रेलका विरुद्ध कुनै पनि पक्षले उपभोग लिनु नदिनेछौं," भनिएको छ।

# भारत र चीनले सैन्य र कूटनीतिक संयन्त्र मार्फत वार्ताको गतिलाई कायम राख्न सहमत

यस हप्ताको सुरुमा कोर्प्स कमाण्डर स्तरीय बैठकको २० औं चरणको आयोजना गर्दै, भारत र चीनले सैन्य र कूटनीतिक संयन्त्र मार्फत वार्ता र वार्ताको गतिलाई कायम राख्न सहमत भए। भेटवार्ता अक्टोबर ९-१०, २०२३ मा भारतीय पक्षको चुशुल-मोल्दो सीमा नाकामा भएको थियो ।

"उनीहरू सम्बन्धित सैन्य र कूटनीतिक संयन्त्रमार्फत वार्ता र वार्ताको गतिलाई कायम राख्न सहमत भए। उनीहरूले अन्तरिममा सीमा क्षेत्रमा जमिनमा शान्ति र शान्ति कायम राख्न पनि प्रतिबद्ध छन्, "भारतको विदेश मन्त्रालय (MEA) ले बुधबार (अक्टोबर ११, २०२३) मा भन्यो। MEA को अनुसार, दुबै पक्षले पश्चिमी क्षेत्रको LAC मा बाँकी मुद्दाहरूको प्रारम्भिक र पारस्परिक रूपमा स्वीकार्य समाधानको लागि स्पष्ट, खुला र रचनात्मक रूपमा विचारहरू आदानप्रदान गरे। यो दुई देशको राष्ट्रिय नेतृत्वले प्रदान गरेको निर्देशन र अगस्त 13–14, 2023 मा भएको कोर्प्स कमाण्डरहरूको अन्तिम चरणको बैठकमा भएको प्रगतिको निर्माण अनुरूप थियो।




LAC मा धेरै घर्षण बिन्दुहरूमा de–Escalation र disengagement मा प्रगति भएको छ, केही प्रमुख बिन्दुहरूमा गतिरोध अब चौथो वर्षमा प्रवेश गरेको छ।

जुन 2020 मा, पूर्वी लद्दाखमा भारतीय र चिनियाँ सेनाहरू बीचको तनावपूर्ण अवरोधले गलवान उपत्यकामा हिंसात्मक आमने-सामने निम्त्याएको थियो। २० भारतीय सैनिकले ज्यान गुमाएका थिए । ठूलो संख्यामा चिनियाँ सेना पनि मारिए पनि चीनले आधिकारिक रूपमा मृत्युको वास्तविक संख्याको पुष्टि गरेको छैन।

गलवान उपत्यका, पाङ्गोङ त्सो र गोग्रा-हट स्प्रिङ्स (PP–15) लगायतका धेरै ठाउँहरूमा वार्ताका धेरै चरणहरूबाट विच्छेद भएको छ। कोर्प्स कमाण्डर-स्तरको वार्ताका अन्तिम दुई चरणहरूमा, तथापि, पूर्वी लद्दाख क्षेत्रको पश्चिमी क्षेत्रको वास्तविक नियन्त्रण रेखा ( एलएसी) को साथ बाँकी घर्षण बिन्दुहरूमा कुनै नयाँ विच्छेदको घोषणा भएको छैन।

'सामान्य सम्बन्धका लागि आवश्यक LAC लाई सम्मान गर्दै'

भारत-चीन द्विपक्षीय सम्बन्धलाई सामान्य बनाउन वास्तविक नियन्त्रण रेखा (एलएसी) लाई सम्मान गर्नु आवश्यक छ, प्रधानमन्त्री नरेन्द्र मोदीले अगस्ट 24 मा दक्षिण अफ्रिकाको जोहानेसबर्गमा 15 औं ब्रिक्स शिखर सम्मेलनको छेउमा भेट्दा चिनियाँ राष्ट्रपति सी जिनपिङलाई भने।

पछि मिडियालाई ब्रिफिङ गर्दै विदेश सचिव विनय क्वात्राले भने कि प्रधानमन्त्री मोदीले भारत-चीन सीमा क्षेत्रको पश्चिमी क्षेत्रको वास्तविक नियन्त्रण रेखा (एलएसी) मा समाधान नभएका मुद्दाहरूमा भारतको चासोलाई उजागर गरेको छ।

विदेश सचिव क्वात्राले भने, प्रधानमन्त्री मोदीले राष्ट्रपति सीसँग कुराकानीको क्रममा सीमा क्षेत्रमा शान्ति र शान्ति कायम राख्ने र वास्तविक नियन्त्रण रेखा (एलएसी) लाई सम्मान गर्नु द्विपक्षीय सम्बन्धलाई सामान्य बनाउन आवश्यक रहेको बताए। उनले थपे कि दुई नेताहरू "आफ्ना सम्बन्धित अधिकारीहरूलाई द्रुत विच्छेदन र डि-एस्केलेसनमा प्रयासहरू तीव्र बनाउन निर्देशन दिन" सहमत भए।




## पूर्वराजाद्वारा इजरायल घटनाप्रति दुःख व्यक्त

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले इजरायलमा भड्किएको दुई पक्षीय युद्धमा परि मृत्यु भएकाहरुप्रति दुःख व्यक्त गरेका छन् ।

उनको सम्वाद सचिवालयले एक विज्ञप्ति जारी गरी यस्तो विषम परिस्थितिमा रहेका नेपालिको उपचार, उद्दार र नेपाल फर्काउने कार्यमा तत्परता देखाउन र कुटनैतिक पहल गर्न पनि सरकारलाई आग्रह गरेको छ ।

पूर्वराजा ज्ञानेन्द्र शाहको सम्बाद सचिवालयद्वारा जारी विज्ञप्तिः

सम्पूर्ण श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट गहिरो दुःख व्यक्त

हालै इजराईलमा भड्किएको दुई पक्षीय युद्धमा परि १० जना नेपाली विद्यार्थीहरुको मृत्यु भएको र अरु कयौं घाइते भएकोमा हामीलाई गहिरो दुःख लागेको छ । अध्ययन र रोजगारीका शिलशिलामा त्यहाँ रहेका हजारौं नेपालीहरु युद्धको चपेटाबाट संकटापन्न अवस्थामा रहेकोमा हामीलाई गम्भिर चिन्ता लागेको छ । यस्तो वियोग, वेदना र संकटको अवस्थामा उद्धार, उपचार गर्न र सबै नेपालीहरुलाई स्वदेश फर्काउनको लागि नेपालले तत्काल पहल गर्नु पर्ने तथा शान्त कूटनीतिक क्षमता दर्शाइ हाल्नु पर्ने आवश्यकता रहेको हामीले महशुस गरेका छौं । आजको दुनियाँमा कहिं पनिं द्वन्द र युद्धले राम्रो गर्दैन भन्ने मान्यता राख्दै आपसी सम्बन्ध सुधारका लागि सबै पक्षबाट सकारात्मक प्रयास हुनु पर्ने हाम्रो धारणा रहेको छ ।

## जिल्ला समाचार

### संविधान मास्ने षड्यन्त्र भइरहेको छ : नेपाल

कैलाली । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा संविधान मास्ने षड्यन्त्र भइरहेको बताएका छन् । समाजवादी जागरण अभियानअर्न्तगत १२औं दिन सुदूरपश्चिमको टीकापुरमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष नेपालले धरान, सर्लाही र नेपालगञ्जका साम्प्रदायिक घटनाले त्यस्तो संकेत गरेको बताए । उनले भने, 'सामाजिक सद्भावलाई भड्काउने केही कोशिस भइरहेको छ । त्यस्ता प्रयत्नहरुलाई हामीले असफल पार्नुपर्छ ।' उनले जनताको बीचमा प्रेम, आपसी सद्भाव वृद्धि गर्नका लागि आफ्नो पार्टीले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । उनले भने, 'यस्तो कुरामा सरकार सचेत रहोस् ।' संसारको कुनै पनि व्यवस्था आफैंमा पूर्ण नहुने भन्दै व्यवस्थाको विकास र परिष्कारको क्रम निरन्तर रहने उनले बताए । उनले देशको सिमानाका बारेमा संयमित भएर बोल्नु पर्ने बताए ।

### १ सय १६ जनालाई ह्वील चियर वितरण

कपिलवस्तु । कपिलवस्तुका १ सय १६ जना अपांगता भएका व्यक्तिहरुलाई ह्वील चियर बाँडिएको छ । मुख्य दाता डिजेएच तथा ईन्टरनेशनल ह्वील चियर फाउन्डेशनको सहयोगमा बाल अपांग टेवा संस्थाले कपिलवस्तुको बुद्धभूमि नगरपालिकाको हनुमान चोकमा जिल्लाका ६ पालिकाका अपांगहरुलाई सो वितरण कार्यको शुभारम्भ गरेको हो । सो अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले हनुमान चोकमा जम्मा भएका अपांगहरुलाई ह्वील चियर वितरण गर्दै कार्यक्रमको शुभारम्भ गरेका थिए । कार्यक्रममा मन्त्री आचार्यले अपांगहरुको सहज पहुचका लागि सबै सरकारी निकायमा अपांग मैत्री संरचना निर्माण गर्नु पर्ने बताए । उनले नबनाइएका ठाउँमा अपांग मैत्री संरचना बनाउनु पर्नेमा जोड दिए । 'अब बन्ने संरचना अपांग मैत्री बनाउन जरुरी छ' उनले भने । शारीरिकरुपमा अपांग भएकाहरुलाई सिप सिकाएर आत्मनिर्भर बनाउनु पर्ने बताए । तिनै तहको सरकारले अपांगका लागि अपांग मैत्री नीति समेत बनाउनु पर्ने बताए । उनले अपांगहरुका लागि आफुले थप सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । उनले महिलाहरुका लागि सुधारिएको चुल्हो, सिलाई मेशीन र स्वेटर बुन्ने मेशीन समेत दिलाउने आफु प्रतिबद्ध रहेको बताए ।

### दुर्गा भगवतीमा जसपाको कमिटी गठन

रौतहट । दुर्गा भगवती गाउँपालिकामा जनता समाजवादी पार्टी नेपालको गाउँ इकाइ कमिटि गठन गरिएको छ । संगठन विस्तार अभियान अन्तर्गत कपल राय यादवको अध्यक्षतामा २१ सदस्यीय गाउँ इकाइ कमिटि गठन गरिएको छ । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य एवं मधेश प्रदेशका पूर्व राज्यमन्त्री योगेन्द्र राय यादवको प्रमुख आतिथ्यमा पचरुखीमा बुधबार बसेको पार्टीको बैठकले दुर्गा भवगती गाउँ कमिटिको उपाध्यक्षमा शंकर दास, सचिवमा महेन्द्र साह लगायतलाई चयन गरेको छ । बैठकबाट जसपाका रौतहट जिल्ला कमिटि सदस्य राजेन्द्र मिश्रलाई नगरको इन्चार्जको जिम्मेवारी दिइएको छ । दुर्गा भगवती गाउँपालिका-४ पचरुखी पोखरास्थित जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले आयोजना गरेको गाउँपालिका स्तरीय अगुवा कार्यकर्ता भेलामा जसपा नेता एवं पूर्व राज्यमन्त्री योगेन्द्र राय यादवले जसपाले मात्र देशको निकास दिने बताए ।

### चाडपर्व लक्षित पर्सामा विशेष सुरक्षा योजना

वीरगन्ज । चाडपर्वलाई लक्षित गरी पर्सा प्रहरीले विशेष सुरक्षा योजना बनाएको छ । चाडपर्वमा सर्वसाधारणको सुरक्षा तथा सहजीकरणका लागि क्यूआरटी टोली, मोबाइल गस्तीदेखि यात्रु सहायता कक्षा र स्ट्राइकिङ्ग सहितका प्रहरी टोली परिचालन गर्ने भएको छ । विजयादशमी सहितका चाडपर्वमा चोरी र दुर्घटना लगायतका घटना भएको हुनाले विशेष सुरक्षा योजना तयार पारिएको पर्सा प्रहरीका प्रमुख एवम् प्रहरी उपरीक्षक (एसपी) कोमल विक्रम शाहले जानकारी दिए । फास्ट रिस्पोन्सका लागि क्यूआरटी अर्था क्वीक रिस्पोन्स टीम परिचालन गरिनेछ । सो क्युआरटी प्रहरीको टीम रहनेछ । दुर्घटना भए लगतै वीरगञ्ज माहानगरमा ५ मिनेट भित्र क्यूआरटी टोली पुग्नेछ । त्यसका अतिरिक्त मोबाइल टोली परिचालन गरिनेछ । क्यूआरटी टोलीबाट समस्या समाधान हुन नसके दोषी वा घटनामा संलग्न व्यक्तिलाई गाडीमा राखेर नजिकको प्रहरी चौकी वा जिप्रकामा ल्याउनेछ । चाडपर्वका बेला यात्रुलाई हैरानी हुनसक्ने भन्दै वीरगञ्जको बसपार्क, परवानीपुर चोक र भारतबाट नेपालको प्रवेश बिन्दु शङ्कराचार्यद्वार अगाडि यात्रु सहायता कक्ष स्थापना गरिएको प्रहरी उपरीक्षक शाहले बताए । पर्वको समयमा आफ्नो गन्तव्य तर्फ जाने यात्रुहरूले भोग्ने गरेको समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको सहायता कक्षबाट हालसम्म सयौँ यात्रुले लाभ लिएको प्रहरी उपरीक्षक शाहले बताए ।

### शिवराजमा बजार अनुगमन सुरू

कपिलवस्तु । जिल्लाको शिवराज नगरपालिकाले चाडपर्वलक्षित  बजार अनुगमन सुरु गरेको छ । सो क्रममा नगरपालिकाले नियमित विपरीत प्रयोग गरिएका ढक बरामद गरेको छ । नगर उपप्रमुख शिवकुमारी थारुको नेतृत्वमा बजार अनुगमन बुधवारदेखि बजार अनुगमन सुरु गरिएको हो । अनुगमनका क्रममा कृषि हाटबजार, प्रमुख व्यापारिक स्थल चन्द्रौटा, खरेन्द्रपुर शिवपुरलगायतका स्थानमा अनुगमन गरिने उपप्रमुख थारुले बताइन् । अनुगमनको पहिलो दिन चन्द्रौटा हाटबजारमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा खाद्य पदार्थ, माछा मासु पसल, बीउविजन पसलको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा अखाद्य बस्तु, म्याद गुज्रेका खाद्य बस्तु, सुर्तीजन्य पदार्थ, नियम विपरीत प्रयोग भएका ढक बरामद गरिएको प्रमुख प्रशासकीय अधिकृत बाबुराम पौडेलले बताए ।

### नगरपालिकाद्वारा निःशुल्क अटोरिक्सा सञ्चालन

रुपन्देही । जिल्लाको तिलोत्तमा नगरपालिकाले सेवाग्राहीलाई लक्षित गर्दै निःशुल्क अटोरिक्सा सञ्चालनमा ल्याएको छ । नगरपालिकाले सेवाग्राहीलाई सहज होस् भन्ने उद्देश्यले तिलोत्तमा शंकपुरदेखि तिलोत्तमा नगरपालिकाको कार्यालयसम्म जाने-आउने सेवाग्राहीका लागि निःशुल्क अटो सञ्चालनमा ल्याएको हो । निःशुल्क अटोरिक्साको तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाण र उपप्रमुख जागेश्वदेवी चौधरीले अटोरिक्साको साँचो महिला चालक इन्द्रकला श्रेष्ठलाई हस्तान्तरण गरेर शुभारम्भ गरेका छन् । नगरप्रमुख खाणले भौतिक र मानवीय विकास मात्र नभई नगरवासीलाई पनि सेवा दिन निःशुल्क अटोरिक्सा सञ्चालन गरिएको बताए । नगरपालिका र सेवाग्राही एक सिक्काका दुई पाटा भएकाले तिलोत्तमा नगरपालिकाले सकेसम्म सेवाहरू नगरबासीलाई प्रदान गर्ने उनको भनाइ छ । तिलोत्तमा नगरपालिकाको कार्यालय मुख्य सडकदेखि करिब १ किलोमिटरभित्र भएकाले सेवाग्राही नगरपालिकाले सेवा लिन आउँदा दुःख भएपछि अटोरिक्सा सञ्चालन गरिएको हो ।

### यात्रु सहायता कक्ष स्थापना

कपिलवस्तु । चाडपर्वमा आवतजावत गर्ने यात्रुलाई सहयोग गर्नका लागि कपिलवस्तुका पाँच स्थानमा यात्रु सहायता कक्ष स्थापना भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुले गत शनिबारदेखि कृष्णनगर, चन्द्रौटा, गोरुसिङ्गे, पिपरा र तौलिहवामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याएको हो । जिल्ला ट्राफिक कार्यालयका प्रहरी निरीक्षक अनिष भण्डारीले दसैंतिहारमा घरमा आउने र जाने यात्रुलाई सुरक्षित तरिकाले गन्तव्यमा पुऱ्याउन र नागरिकमा पर्ने समस्यामा सहयोग गर्न कक्ष स्थापना गरिएको बताए । यात्रुको बढी भिडभाड र आवतजावत हुने प्रमुख चोक र बसपार्कमा सहायता कक्ष स्थापना भएको छ । चाडपर्वका बेला क्षमताभन्दा धेरै यात्रु बोक्ने, तोकिएको भाडाभन्दा धेरै असुल्ने, मापसे तथा लापसे गरी सवारी चलाउने, यात्रुसँग अभद्र व्यवहार गर्ने क्रियाकलाप निरुत्साहित हुने भण्डारीले बताए । दसैंमा यात्रुको चाप बढी हुने भएकाले यात्रुलाई सहजीकरण गर्ने गरी सहयोग गर्ने प्रहरी निरीक्षक भण्डारीको भनाइ छ । ट्राफिक प्रहरी नायब निरीक्षक राघवसिंह रावलले नेपाल-भारत सीमामा रहेको कृष्णनगर नाका हुँदै घर फर्किनेको चाप अत्यधिक हुने भएकाले सहायता कक्षमा विशेष चासो हुने बताए ।

# भारतको सहयोगमा विद्यालय भवन निर्माण



काठमाडौं । भारत सरकारको नेरु १.९२ करोड आर्थिक सहयोगमा काठमाडौंको बालुवाटारस्थित श्री महेन्द्र राष्ट्रिय माध्यमिकको विद्यालय भवन निर्माण सम्पन्न भएको छ । बुधबार नवनिर्मित भवनको भारतीय राजदूतावास, काठमाडौंका नियोग उप-प्रमुख श्री प्रसन्न श्रीवास्तव र जिल्ला समन्वय समिति, काठमाडौंका प्रमुख श्री सन्तोष बुढाथोकीले संयुक्त रुपमा उद्घाटन गरेका छन । उद्घाटन समारोहमा राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, नेपाल सरकारका पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षक, अभिभावक तथा विद्यार्थीको उपस्थिति थियो ।

'नेपाल-भारत विकास सहकार्य' कार्यक्रम अन्तर्गत भारत सरकारले उपलब्ध गराएको उक्त अनुदान रकम तीन तल्ले विद्यालय भवनको निर्माण भएको छ । भारत सरकार र नेपाल सरकारबीच भएको एक सम्झौता अनुरुप यस परियोजनालाई 'उच्च प्रभाव सामुदायिक विकास परियोजना' को रुपमा निर्माण गरिएको हो । जिल्ला समन्वय समिति, काठमाडौंले यस परियोजनाको कार्यान्वयन गरेको हो ।

उद्घाटन समारोहमा बोल्दै दूतावासका नियोग उप-प्रमुख श्री प्रसन्न श्रीवास्तवले यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको महत्वपूर्ण हिस्सा भएको उल्लेख गर्दै दुई देशबीचको यो साझेदारीले पछिल्ला वर्षहरुमा नेपाल सरकार र नेपाली जनताका विभिन्न प्राथमिकताका क्षेत्रमा उल्लेख्य प्रगति गरेको बताए ।उनले नेपाल सरकारले तय गरेका प्राथमिकता अनुरुप र दुवै देशका जनताको हितका निमित्त दुई देशबीचको विकास साझेदारीलाई अझ मजबुत बनाउन भारत सरकार सधैं प्रतिबद्ध रहेको पनि बताए ।

सन् २००३ यता भारतले नेपालमा विभिन्न क्षेत्रमा ५४६ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइसकेकोमा ४८३ वटा सम्पन्न भइसकेका छन् । ती मध्ये काठमाडौका ४० गरी बागमती प्रदेशमा १०५ वटा रहेका छन् । यसका अतिरिक्त भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी तथा विद्यालयलाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुलबस उपहार स्वरुप प्रदान गरिसकेको छ । भारतले हालसम्म काठमाडौंमा ६९ वटा एम्बुलेन्स र ५२ वटा स्कुलबस उपलब्ध गराइसकेको छ ।

## सुरक्षा सम्बन्धी नेपाल-भारत द्विपक्षीय परामर्श समूहको १५औं बैठक सम्पन्न



काठमाडौं । सुरक्षा सम्बन्धी नेपाल-भारत द्विपक्षीय परामर्श समूहको १५औं बैठक यही असोज १८ गते पोखरामा सम्पन्न भएको छ ।

भारतीय टोलीको नेतृत्व भारत सरकार विदेश मन्त्रालयको उत्तरी महाशाखाका सहसचिव अनुराग श्रीवास्तवले गरेका थिए भने नेपाली टोलीको नेतृत्व नेपाल सरकार परराष्ट्र मन्त्रालयको दक्षिण एसिया महाशाखाका सहसचिव भृगु ढुङ्गानाले गरेका थिए ।

दुवै टोलीमा रक्षा, परराष्ट्र एवम् गृह मन्त्रालय तथा भारतीय र नेपाली सेनाका निर्देशनालयका अधिकारीहरुको सहभागिता रहेको थियो ।

उक्त बैठकमा पारस्परिक सुरक्षा, प्रतिरक्षा सामग्रीको आपूर्ति, प्रशिक्षण तथा क्षमता अभिवृद्धि, संयुक्त सैन्य अभ्यास, भ्रमण, संयुक्त यात्रा, साहसिक गतिविधि, विपद् व्यवस्थापनमा सहकार्य र सूचनाको आदानप्रदान जस्ता विविध विषयवस्तुमा छलफल भएको थियो ।

द्विपक्षीय सुरक्षा र सुरक्षा सहकार्य प्रवर्द्धन हेतु सन् २००३ मा स्थापना गरिएको यो भारत-नेपाल द्विपक्षीय परामर्श समूह भारत र नेपालबीचको एक महत्वपूर्ण संस्थागत संयन्त्र हो ।

## रोमानियासँग द्विपक्षीय श्रम सम्झौता

काठमाडौं । वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने नेपाल सरकारको नीति अनुरुप विभिन्न मित्रराष्ट्रहरुबीच द्विपक्षीय श्रम सम्झौता गर्ने कार्यलाई निरन्तरता दिने क्रममा रोमानियासँग द्विपक्षीय श्रम सम्झौता भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र Ministry of Labour and Social Solidarity of Romania का मन्त्री Simona Bucura–Oprescu बीच द्विपक्षीय श्रम समझदारीमत्रमा हस्ताक्षर भएको श्रममन्त्री भण्डारीको सचिवालयबाट रञ्जित निष्पक्षले जानकारी दिएका हुन् ।

नेपालको तर्फबाट प्रतिनिधिमण्डलमा सहभागी मन्त्रालयका सचिव केवल प्रसाद भण्डारी, जर्मनीका राजदूत रामकाजी खड्का, रोमानीयाका लागि अवैतनिक वाणिज्यदूत नवराज पोखरेल समेतको सहभागीत रहेको र रोमानीया पक्षबाट श्रमसँग सम्बन्धित विभिन्न निकायका उच्च तहका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । उक्त द्विपक्षीय वार्तामा श्रममन्त्री भण्डारीले नेपाली कामदारसँग सरोकारका विषयहरु र द्विपक्षीय श्रम समझादारीका आवश्यकता र प्रभावका वारेमा प्रस्तुत गरेका थिए ।

रोमानीया पक्षबाट नेपाली कामदारको हक, हित सुरक्षा कायम गर्ने प्रतिवद्वता व्यक्त गर्दै उलेख्य संख्यामा नेपाली कामदार माग रहेको र पारदर्शी रुपमा कामदारको छनौट तथा छोटो अवधिमा कामदार ल्याने प्रकृयामा समन्वय र सहकार्य गर्ने चासो व्यक्त भएको निष्पक्षले जनाए । यूरोपेली मुलुक, रोमानीया नेपाली श्रमिकहरुका लागि आकर्षित र सुरक्षित श्रम गन्तव्यको रुपमा रहेको र श्रम बजारको फराकिलो संभावना रहेकोले नेपाल र रोमानीयाबीचको कूटनीतिक सम्बन्ध कायम भएको ५५ वर्ष पछि दुई देशबीच श्रम क्षेत्रमा समेत थप समझदारी कायम भएको छ ।

## मधेश...

र जनमत पार्टी प्रदेशका संसदीय दलका नेता महेश प्रसाद यादव सहभागी थिए । मंगलबार बिहान पनि बसेका बैठकमा भने कांग्रेस संसदीय दलका कृष्ण यादव बाहेकका नेताहरु सहभागी थिए । मन्त्रालय फुटाएर जिम्मेबारी दिएको सुरिता साहले महोत्तरी क्षेत्र नं. २ (ख)बाट स्वतन्त्र जितेकी थिइन् । उनलाई मन्त्रालय दिने भनेर जसपाले पार्टी प्रवेश गराएको थियो । सुरुमा सामाजिक विकास मन्त्रालय दिएको पनि थियो । तर पछि सो मन्त्रालय फुटाएर शिक्षा तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बनाएपछि उनी जिम्मेबारी विहीन बनेकी थिइन् ।

## इजरायल...

एक्लो छोरा हुनुन्थ्यो । चार दिदीभाइमध्ये उहाँ जेठो हुनुहुन्थ्यो । उहाँपछिको जेठी बहिनी सुनिताको बिहेवारि भइसकेको छ ।

## एमाले...

छनोट गरी पठाइएको थियो। तीनवटै पालिकाबाट ३/३ जना प्रतिनिधिको नाम पठाइएकोमा यी व्यक्ति सम्बन्धित भूगोलमा नरहेको एमाले मधेश प्रदेश समिति सदस्य साहले बताए। उनले भने, 'एक त यी पालिकामा बिना बैठक गरी प्रतिनिधि छनोट गरिएको छ। त्यसमाथि केही व्यक्तिहरू जो सम्बन्धित भूगोलमा छैनन् त्यस्ता व्यक्तिलाई समेत प्रतिनिधिका रूपमा पठाइएको छ। विधानविपरीत छानिएका नाम फिर्ता लिनुपर्छ।'

उनले यस विषयमा एमाले प्रदेश सचिवालय, मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई, संगठन विभाग प्रमुख खगराज अधिकारी, सर्लाही जिल्ला इन्चार्ज ज्वाला साहसमक्ष निवेदन दिएका छन् । तर निवेदनको कुनै सुनवाइ नगरी उल्टै जे गर्नु छ गरेर देखाउनुस् भनेर जिल्ला इन्चार्ज ज्वालाले आफूलाई हप्काएको साहको आरोप छ।

सर्लाही जिल्ला इन्चार्ज समेत रहेकी पूर्वमन्त्री ज्वालाले आफूहरू समक्ष निवेदन नआएको बताइन्। उनले भनिन्, 'निवेदन त आएको छैन तर नागेश्वरजीले आजै यस विषयमा मसमक्ष कुरा राख्नु भएको थियो।' सहमति गरेरै जिल्ला अध्यक्षले प्रतिनिधि छनोट गरेको दाबी उनको छ।

### आयुर्वेदिक उपचार

# नसर्ने रोग (नन कम्युनिकेवल डिसिज)



**डा. सबरी साह**
एम.डी.(आयुर्वेद)
वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ
सिंहदरबार वैद्यखाना विकास समिति

नसर्ने रोग नेपाल लगायत विश्वभरि क्रमशः बढ्दै गइरहेकोले समाजका लागि चिन्ता र चुनौती दुबै हो । विश्व स्वास्थ्य संगठन तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको तथ्याङ्क अनुसार नसर्ने रोग (मधुमेह, उच्च रक्तचाप, कैंसर, मुटु रोग, मृगौलाको रोग, थायराइडको समस्या आदि) बाट अहिले ६५ प्रतिशत मानिस ग्रसित छन् । सन् २०३० सम्म ८० प्रतिशत मानिस पीडित जुन हाम्रो समाजका लागि भयावह स्थिति हुन सक्छ ।

नसर्ने रोग दिन प्रतिदिन बढ्नुको मुख्य कारण अहिलेको आधुनिक जीवनशैली, खानपान तथा रहनसहन नै हो । यो रोग एक चोटी शरीरमा लागी सकेपछि मानिस आजीवन औषधि खान बाध्य हुन्छ । त्यतिमात्र हैन औषधिको मात्रा पनि प्रत्येक २-४ वर्षमा बढ्दै जान्छ । जसले गर्दा मिहिनेत गरेर आर्जन गरेको सम्पत्ति पनि खेर गइरहेको हुन्छ र क्वालिटी आफ लाइफ पनि राम्रो हुँदैन ।

नसर्ने रोगबाट प्रत्येक घरको कुनै न कुनै मानिस पीडित छन् र हाम्रो आमदनीको धेरैजसो हिस्सा उपचारमा खर्च हुन्छ । यसबाट बच्नका लागि वा यसको प्रभावलाई न्यूनीकरण गर्नका लागि आधुनिक जीवनशैली तथा अस्वस्थकर खान-पान एवं क्रियाकलापलाई त्याग गरि प्राकृतिक जीवनशैली, स्वास्थ्यकर खान पान तथा नित्य शारीरिक परिश्रम, योग प्राणायामलाई आफ्नो दैनिक जीवनमा उतार्नु अति आवश्यक छ ।

प्रत्येक मानिसको पहिलो इच्छा आजीवन स्वस्थ बाँच्नु हो । तत्पश्चात धन अर्जन र मोक्ष प्राप्तिका लागि प्रयत्न गर्छ । धर्म गर्नका लागि, पैसा कमाउनका लागि, काम गर्नका लागि तथा मोक्ष प्राप्तिका लागि गरिने क्रियाकलापका लागि मानिस शारीरिक तथा मानसिक रूपमा स्वस्थ हुनु आवश्यक छ । किनकि सबैको मूल भनेको आरोग्य हो ।

आधुनिक युगमा आधुनिक जीवनशैली, अस्वस्थकर खान-पान एवं शारीरिक तथा मानसिक रूपमा गरिने क्रियाकलापले गर्दा नसर्ने रोग दिन प्रतिदिन क्रमशः बढ्दै गइरहेकोले त्यसबाट बच्नका लागि सचेत हुनु जरूरी छ । अन्यथा आजीवन औषधि खाएर बाँच्न हामीलाई बाध्यता हुन्छ । तसर्थ आयुर्वेदले भनेको खानपान र जीवनशैली अपनाई आफै र आफ्नो घर परिवार तथा समाजलाई आजीवन स्वस्थ राखौं ।


## हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं

सार्वजनिक स्थल वा निकायमा:

- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं ।

हेलो सरकारको निशुल्क टेलिफोन नम्बर १११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं